देउतालाई 'चढाइएका' किशोरीहरु जो यौन शोषणमा पर्छन् | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २७ • अंक १६० • २०८२ साल कार्त्तिक २३ गते आइतवार (9 November, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

### विघटनको संघारमा मधेश प्रदेशसभा

# मधेशमा पहिलो पटक मुख्यमन्त्री विश्वासको मत लिनमा असफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको इतिहासमै पहिलो पटक मुख्यमन्त्रीले विश्वासको मत लिनमा असफल भएका छन् ।

मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विश्वासको मत पाउन नसक्ने राजनीतिक परिदृश्य देखेपछि अन्ततः राजीनामा दिएका छन् ।

मुख्यमन्त्री बन्नु अघि संवैधानिक व्यवस्था अनुसार दाबी गरिएको सांसदको संख्या प्रदेशसभामा अपुग भएपछि मुख्यमन्त्री सोनलले राजीनामा दिएका हुन् ।

प्रदेशसभामा राजनीतिक परिदृश्य अन्तर्गत नेकपा माओवादी केन्द्रका सांसद रोहबर अन्सारीले प्रदेशसभामाथि प्रश्न उठाइ असन्तुष्टि पोख्दै आफ्नै अनुहारमा कालोमोसो दलेलगत्तै मुख्यमन्त्री सोनलको विश्वासको मत लिने वातावरण बिग्रिएको थियो ।

सांसद अन्सारीले भने, 'आज सार्वजनिक अपराध स्वीकार गर्न आएको छु । म पक्ष र विपक्ष कुनैमा मतदान गर्दिनँ । कुनै पनि पार्टीको कुरा मान्दिनँ,' उनी बोल्दाबोल्दै सभामुख मण्डलले समय सकिएको भन्दै माइकको लाइन काटेपछि उनले हामी कस्ता सांसद छौं, जनताको त के आफ्नो कुरा पनि राख्न नपाउने बोल्ने मुख थिच्ने कस्तो प्रवृत्ति भन्दै आफ्नो मुखमा आफै रोष्टमबाटै कोलोमोसो दलेका थिए ।

उनले भने, 'मधेशका ६४ लाख जनताको अवस्था के छ ?' सदनमा प्रश्न गर्दै उनले भने, 'जेन-जी आन्दोलनले व्यवस्था बद्ले पनि अवस्था बद्लिएन ।'

यता कार्यसूचीलाई उछिनेर सभामुख मण्डलले सांसद अन्सारीलाई बोल्न दिएको विषयमा आपत्ति जनाउँदै सत्तापक्ष प्रदेशसभाबाट बाहिरिएपछि सरकार पक्षका दलहरूले सभामुख मण्डललाई ३० मिनेटपछि सभा सञ्चालन गर्न माग गरेका थिए । सांसद अन्सारी बोल्दाबोल्दै सभामुखले माइकको लाइन काटेपछि माओवादीका अर्का सांसद माला कर्णले पनि विरोध गरेकी थिइन् ।

प्रदेशसभाको अवस्था तनावग्रस्त बनेपछि सभामुखले प्रदेशसभा कार्य सञ्चालन र नियामवली अनुसार चल्ने दोहोऱ्याए ।



त्यसपछि सांसदहरु बीच विवाद उत्पन्न भएको थियो ।

सभामा अवस्था तनावग्रस्त भएपछि ३० मिनेटका लागि बैठक स्थगन गरिएको थियो । एक घण्टासम्म कुनै टुंगो नलाग्दा सभामुख मण्डलले हाउस संचालन गरेपछि मुख्यमन्त्रीसहित प्रदेश सरकारका मन्त्रीहरुको अनुपस्थितिमै हाउस संचालन गरेको भन्दै मुख्यमन्त्री सोनलले आक्रोश पोख्दै राजीनामाको घोषणा गरे ।

प्रदेशसभामा कुल ५७ मत पाउने दाबी गरे पनि मुख्यमन्त्री सोनललाई जनमत पार्टीका दुई जना, नेपाल संघीय समाजवादी पार्टी एक जना र राप्रपाका एकजना गरी चारजना सांसद अनुपस्थित रहेका थिए भने माओवादी केन्द्रका दुईजना सांसद विपक्षमै थिए ।

सोनललाई विश्वासको मतका लागि ५४ मत आवश्यकता रहे पनि उनलाई ५२ मत पाउने अवस्था बनेको थियो ।

जनमतबाट जनस्वराज पार्टीमा गएका निर्वतमान मुख्यमन्त्री सतीशकुमार सिंह, त्रिभुवन साह, नेपाल संघीय समाजवादी पार्टीका विमला अन्सारी र राप्रपाका कञ्चन विच्छा अनुपस्थित रहेकी थिइन् ।

सिंह र साहले जनमतबाट छुट्टिएर बनेको जनस्वराज पार्टी रोजेका कारण अनुपस्थित भएको बताइन्छ भने अन्सारी र विच्छा पार्टीको निर्णयअनुसार तटस्थ रहन अनुपस्थित रहेका थिए ।

प्रदेशसभा कार्यविधि नियम अनुसार नचलेको आरोप लगाउँदै मुख्यमन्त्री सोनले भने, 'यही हाउस जहाँ मत विभाजनको क्रममा ८/८ घण्टासम्म हाउस स्थगित गरिन्थ्यो । तर आज गलत मानसिकताले प्रदेश सरकार प्रतिनिधि र सत्तारुढ दलका नेताहरुको अनुपस्थितिमा हाउस संचालन गर्नु भनेको दलीय आडमा तानाशाही गरिएकाले यस्तो अवस्थामा म सरकारमा बस्दिन, यहीबाट आफ्नो राजीनामाको घोषणा गर्दछु ।'

उनले अघि थप्दैं भने, 'राजीनामा दिएपछि उनले प्रदेश सभालाई डिजर्ब गरेर संघीयतालाई समाप्त पार्न सभामुखले खेल हुँदैछ भन्ने आभास भएपछि संघीयतालाई र प्रदेश सभालाई लोकतान्त्रिक मूल्य मान्यता अनुरुप बचाउन राजीनामा दिएको हुँ । सत्तारुढ दलका हाम्रा सांसदहरु चिया खान, दिसापिसाब गएका कारण समयावधि थप्न माग गर्दागर्दै सभामुखले संघीयतालाई समाप्त पार्न हाउस संचालन प्रक्रिया अघि बढाउन खोजेपछि राजीनामा गरेको हुँ ।'

मुख्यमन्त्री सोनलले भने, 'सभामुखको संघीयता र प्रदेश सभा निस्तेज पार्ने खेललाई रोक्न वैधानिक किसिमले सरकार गठन प्रक्रिया अघि बढोस उद्देश्यले मार्ग प्रशस्त गर्न यो मैले राजीनामा दिएको हुँ ।'उनले सभामुखमाथि आरोप लगाउँदै संघीयतामाथि षड्यन्त्र गर्दै प्रदेशसभा नै विघटन गर्ने मनसाय बोक्नेहरुका पक्षमा सभामुख मण्डल उद्यत देखिएको बताए ।

## सर्वपक्षीय सरकारको पक्षमा कांग्रेस

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशसभामा मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनललाई सत्तागठबन्धनकै घटक दलले विरोध गरेपछि उनले मुख्यमन्त्री पदबाट राजीनामा दिएका छन् । उनको राजीनामा प्रदेश प्रमुखले स्वीकृतसमेत गरिसकेका छन् ।

मुख्यमन्त्री सोनललाई विश्वासको मतमा साथ नदिँदा उनी असफल भए । तर मधेश प्रदेशमा प्रदेश सरकार गठनमा भने सकस जस्ताको त्यस्तै रहेको छ ।

उनले राजीनामा दिएपछि अबको प्रदेश सरकार गठनमा गम्भीर संकट उत्पन्न भएको छ ।

सत्तागबठन्धनका लोसपाको पक्षमा ५२ जना सांसद देखिएका छन् भने नेपाली कांग्रेस-एमालेको पक्षमा ५१ जना सांसद देखिएका कारण वैधानिक व्यवस्था अनुसार प्रदेशसभामा अन्योलता कायम भएको छ ।

प्रदेशसभामा ३ जना सांसद निलम्बित छन् । सभामुखले मत खसाल्न पाउने व्यवस्था नै छैन भने प्रदेशसभामा रहेका १०३ सांसद छन् । लोसपाको हातबाट प्रदेश सत्ता गएपछि प्रदेश सरकारको बल कांग्रेस-एमालेकै हात गएको छ । तर कांग्रेस-एमालेसंग उनीहरुको आफ्नै सांसद गरी ४५, जनमत पार्टीबाट अलग भएका सतीशकुमार सिंह, त्रिभुवन साह गरी दुई जना, नेपाल संघीय समाजवादी पार्टीका एकजना र राप्रपाका एकजना, माओवादीका सांसद रहबर अन्सारी र माला कर्ण गरी ५१ जना सांसद रहेका छन् । यसरी कांग्रेस-एमालेलाई पनि प्रदेश सरकार गठनमा बहुमत पुग्ने अवस्था नदेखिदा प्रदेश सरकारकै किचलोका कारण प्रदेशसभा विघटनको संघार पुगेको राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

यता नेपाली कांग्रेस नयाँ सरकारको रणनीति बनाउने छलफलमा जुटेको छ । नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादवले आफूहरु सर्वदलीय सरकार बनाउने पक्षमा रहेको बताए । उनले अबको रणनीति प्रदेश सरकारमा सबै दलको सहभागिता हुने गरी सर्वपक्षीय सरकारको पक्षमा रहेको स्पष्ट पार्दैं सोही अनुसार आफूहरु छलफलमा जुटेको बताए ।






# तेस्रो सर्प महोत्सव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला क्षेत्रको जैविक विविधता र सांस्कृतिक चेतनासँग जोडिएको नेपाल सर्प महोत्सव हुने भएको छ।

देशको बदलिँदो राजनीतिक परिस्थितिका कारण सारिएको तेस्रो संस्करणको महोत्सव अब कार्तिक ३० र मङ्सिर १ गते धनुषाको मिथिला विहारी नगरपालिका-२ स्थित जनमुक्ति चोक नजिकै हुने आयोजकले जनाएको छ।

मिथिला वाइल्डलाइफ ट्रष्ट र सेभ द लाइभ्सको संयुक्त आयोजनामा हुने दुई दिवसीय महोत्सव 'सर्पको महत्त्व बुझौँ, सहअस्तित्वलाई सम्मान गरौँ, संरक्षणमार्फत भविष्य सुरक्षित गरौँ' भन्ने मूल नाराका साथ मनाइने जनाइएको छ।



वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देव नारायण मण्डलले सर्पप्रति समाजमा अझै पनि भय र अन्धविश्वास कायम छ, जसले संरक्षणमा चुनौती सिर्जना गरेको जानकारी दिए। उनले भने, "सर्प डस्ने मात्र होइन, वातावरणीय सन्तुलनको अभिन्न अंग हो। महोत्सवले मानिस र सर्पबिचको सम्बन्धमा सकारात्मक सोच जगाउने प्रयास गर्नेछ।"

महोत्सवमा विद्यार्थी, स्थानीय जनप्रतिनिधि, पशु चिकित्सक, वातावरणविद् र समुदायका अगुवाहरूको सहभागिता रहने उनले बताए।

महोत्सवमा जीवित सर्प प्रदर्शन, सर्प संरक्षण चित्र प्रदर्शनी, बालचित्र प्रतियोगिता, सर्प बचाउने टोलीको प्रदर्शन र सर्पदंश उपचारसम्बन्धी व्यवहारिक सत्र राखिने आयोजकले जनाएको छ।

# पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा कांग्रेसको जोड



काठमाण्डु। नेपाली कांग्रेस जिल्ला समिति, गोरखाले आगामी पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड दिएको छ। जिल्ला समितिले महामन्त्री गगन थापाले प्रस्तुत गर्नुभएको कार्यतालिकाअनुसार पार्टीको केन्द्रीय महाधिवेशन गर्नुपर्नेमा जोड दिएको हो।

शनिबार यहाँ सम्पन्न बैठकपछि आयोजित पत्रकार सम्मेलनमा जिल्ला सभापति नन्दप्रसाद न्यौपानले विधानअनुसार महाधिवेशन हुन नसके ५४ प्रतिशत प्रतिनिधिले माग गरेबमोजिम विशेष महाधिवेशन हुनुपर्ने निर्णय जिल्ला समितिले गरेको जानकारी दिनुभयो।

"महामन्त्रीले माग गरेबमोजिम महाधिवेशन हुँदैन भने ५४ प्रतिशत प्रतिनिधिले माग गरेको विशेष महाधिवेशन हुनुपर्छ भन्ने निर्णय जिल्ला समितिले गरेको छ", उहाँले भन्नुभयो, "हामीले सोही अनुसार केन्द्रीय समितिलाई अनुरोध गर्नेछौँ।"

कांग्रेसको विधानले जिल्ला समितिसहित सबै तहको कार्यकाल चार वर्षका लागि तोकेकाले आगामी मङ्सिरमा सबै तहको कार्यकाल सकिने भएकाले पुसमा नियमित अधिवेशन हुनुपर्ने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार कांग्रेस गोरखाका ५१ महाधिवेशन प्रतिनिधिमध्ये ४२ जनाले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षरसमेत गरेका छन्।

बैठकले विषम परिस्थितिमा देशले निकास खोजिरहेका बेला जिल्लाभित्रका ११ वटै पालिकामा पार्टीले भेला गरेर नागरिकहरूसँग छलफल र आवश्यक संवाद गर्ने निर्णयसमेत गरेको सभापति न्यौपानेले बताउनुभयो। वर्तमान अवस्थामा देशलाई निकास दिनका लागि पनि तत्काल पार्टीको महाधिवशेन जरुरी रहेको उहाँको भनाइ छ।

किसानले भित्र्याउने तयारी गरेका धानबालीमा वर्षाले ठूलो क्षति पुऱ्याएकाले स्थानीय प्रदेश र सङ्घीय सरकारलगायत सरोकार भएका निकायसँग पीडित किसानलाई विशेष राहतको व्यवस्था गर्न ध्यानाकर्षण गराउने आजको बैठकले निर्णय गरेको सभापति न्यौपानेले जानकारी दिनुभयो।

उहाँका अनुसार पार्टीको भ्रातृ सङ्गठनलाई थप चलायमान बनाउन तथा विकास निर्माणका योजनालाई समयमा सम्पन्न गर्नेगरी दबाब दिने निर्णय बैठकले गरेको छ। जिल्ला सभापति न्यौपानले वर्तमान सरकार संविधानअनुसार बन्यो वा बनेनभन्दा पनि यो जेनजीको माग र आन्दोलनको मर्मबाट बनेको सरकार भएकाले स्वीकार गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

"यो सरकार आन्दोलनबाट बनेकाले हामीले स्वीकार गर्नुपर्छ। यो युवा पुस्ताको सङ्घर्ष र मागपछि बनेकले हामी निर्वाचनमा जानु पर्छ", उहाँले भन्नुभयो, "हामीले विगतमा गरेका आन्दोलनबाट पनि कतिपय कुराहरू भत्कायौँ र नयाँ ढङ्गले अगाडि बढ्यौँ। त्यसैले अहिले जेनजीको आन्दोलनपछि जुन सरकार बनेको छ र फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ, उक्त निर्वाचनमा सहभागी हुनुपर्छ र कांग्रेस गोरखा निष्पक्ष निर्वाचनको पक्षमा छ।"रासस

# मतदाता नामावली संकलन उत्साहजनक : आयोग

काठमाण्डु। आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि देशव्यापी मदाता नामावली संकलन जारी छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार पछिल्लो समयमा नागरिकको उत्साहजनक रुपमा मतदाता नामावली संकलन अगाडि बढीरहेको छ। यही कात्तिक ३० गतेसम्म मतदाता नामावली संकलन हुनेछ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ। सो निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये फागुन २० गतेसम्म अठार वर्ष उमेर पूरा हुने मतदाताले मात्र मतदान गर्न पाउने छन्। आयोगका अनुसार सो मितिसम्म अठार वर्ष उमेर पूरा हुने र नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सबै नेपाली नागरिकले यही



कार्तिक ३० गते भित्र मतदाता नामावलीमा नाम दर्ता गराउन पुनः अनुरोध गरिएको छ।

मतदाता नामावली दर्तामा अधिक सहभागिताका कारण मतदाता नामावली दर्ता सर्भरमा अत्यधिक चाप पर्न गई सेवाग्राहीलाई सेवा लिन असहज भएको गुनासो आउने गरेको आयोगले जनाएको छ।प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भए पश्चात विगतमा जस्तै १६ वर्ष उमेर पूरा भई नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सबै नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने छन्।रासस

# सप्तरीका भारतसँग जोडिएका नाका तीन दिन बन्द हुने

राजविराज। भारतको विहार राज्यमा हुने विधान सभा आमनिर्वाचनलाई मध्यनजर गरी सप्तरीको सीमावर्ती नाका आइतबार रातिदेखि बन्द गरिने भएको छ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी टुबराज पोखरेलले सार्वजनिक गर्नुभएको सूचनामा भारतको विहार राज्यमा हुने विधान सभा निर्वाचनका कारण सप्तरीसँग जोडिएका सीमानाका तीन दिनसम्म बन्द गरिने निर्णय गरिएको हो।

प्रजिअ पोखरेलका अनुसार यही कात्तिक २३ गते राति १२ बजेदेखि कात्तिक २५ गते राति १२ बजेसम्मका लागि सीमानाका बन्द गरिने छ। यस अवधिमा भारतको विहार राज्यअन्तर्गत मधुवनी र सुपौल जिल्लासँग जोडिएका सप्तरीका सबै नाकाबाट आवतजावत निषेध गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।रासस



# किसानले मतदाता नामावली बारामै सारे



**टुडे समाचारदाता**

बारा। हालै नेकपा एमालेमा प्रवेश गर्ने घोषणा गरेका पूर्वमन्त्री किसान श्रेष्ठले आफ्नो मतदाता नामावली तनहुँबाट बारा सारेका छन्।

बाराको कलैयास्थित निर्वाचन कार्यालय पुगेर उनले मतदाता नामावली सारेको जनाएका छन्। यसअघि उनी २०७९ सालको निर्वाचनमा बारा-४ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए।

त्यतिबेला उनको मतदाता नामावली तनहुँमा भएका कारण उनले आफैंलाई भोट हाल्न पाएका थिएनन्। उनले आजै जीतपुर सिमरा उपमहानगरपालिकारू४ मा बसाइँसराइ दर्ता समेत गराएका छन्।

पूर्वमन्त्री श्रेष्ठ जेन- जी आन्दोलनका क्रममा आगजनी भएको घरलाई मर्मतसम्भार गरेर बारामै बसोबास गरिरहेका छन्। यस अघि उनी नेकपा एकीकृत समाजवादीमा आवद्ध थिए।

# प्रतियोगितामा पुरुषतर्फ भण्डारी र महिलातर्फ सापकोटा प्रथम



काठमाण्डु। दौडमार्फत स्वास्थ्य सचेतना फैलाउने उद्देश्यले नेपाल आयल निगमले आयोजना गरेको कर्मचारी, सञ्चारकर्मी र निजी क्षेत्रबीचको दौड प्रतियोगितामा पुरुषतर्फ प्रदीप भण्डारी र महिलातर्फ सुमना सापकोटा प्रथम हुनुभएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शनिबार भएको सो प्रतियोगिताअन्तर्गत पुरुषतर्फ १० किलोमिटर दौड प्रतियोगितामा भण्डारीले ५३ मिनेट १० सेकेण्डमा उक्त दूरी पार गर्दै प्रथम हुनुभएको हो। प्रतियोगितामा दिगम्बर पन्त दोस्रो र मनोजकुमार दास तेस्रो हुनुभयो। पन्तले ५४ मिनेट ४६ सेकेण्ड र दासले ५६ मिनेटमा निर्धारित दूरी पार गर्नुभयो।

यस्तै महिलातर्फ ५ किलोमिटर दौडमा प्रथम हुनुभएकी सापकोटाले ३२ मिनेट ९ सेकेण्डमा उक्त दूरी पार गर्नुभयो। यस्तै शर्मिला कटुवाल दोस्रो र राजकुमारी राई तेस्रो हुनुभयो। कटुवालले ३३ मिनेट ३९ सेकेण्डमा सो दूरी पार गर्दा राईले ३५ मिनेट ४९ सेकेण्ड लगाउनुभयो। विजेता खेलाडीलाई निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र अन्तर्राष्ट्रिय धावक बैकुण्ठ मानन्धरले मेडल प्रदान गर्नुभयो। प्रतियोगितामा पुरुष र महिला समूहतर्फ प्रथम हुनुभएका भण्डारी र सापकोटालाई ५० ग्रामको चाँदीको सिक्का पुरस्कार प्रदान गरियो।

त्यसअवसरमा निगमका कार्यकारी निर्देशक भट्टले शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि शारीरिक अभ्यास अपरिहार्य रहेको जनाउँदै आगामी दिनमा यसखालका रचनात्मक कार्यक्रम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अन्तरराष्ट्रिय धावक मानन्धरले नेपालले पछिल्लो समय खेल क्षेत्रमा आशालाग्दो प्रगति गरिरहेको उल्लेख गर्दै खेलकुदमा लगानी वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। रासस

# छन्द साधना पुरस्कारबाट कवि लम्साल र आचार्य पुरस्कृत



काठमाण्डु। छन्द तरङ्ग अभियानको सातौँ वार्षिकोत्वसका अवसरमा वरिष्ठ कवि डा नवराज लम्साल र युवाकवि पुरुषोत्तम आचार्यलाई सम्मान र पुरस्कार प्रदान गरिएको छ।

अभियानद्वारा शनिबार आयोजित कार्यक्रममा वरिष्ठ भाषाविद् एवं साहित्यकार मुकुन्दशरण उपाध्यायबाट कवि डा लम्साललाई रु ४० हजार राशिको विशिष्ट छन्द साधना पुरस्कार र कवि आचार्यलाई रु २० हजार राशिको छन्द साधना युवा प्रतिभा पुरस्कार प्रदान गरिएको हो। रेडियोकर्मीसमेत रहनुभएका धादिङका डा लम्सालले 'कर्ण', 'धरा', 'अग्नि' र 'कल्प' जस्ता महाकाव्यका साथै सयौँ गीत रचना गर्नुभएको छ भने मकवानपुरका आचार्यले सीमान्तकृत समुदायलाई केन्द्रमा राखेर छन्द कविता लेखन गर्दै आउनुभएको छ।


यसअघि विशिष्ट छन्द साधना पुरस्कारबाट रमेश खकुरेल, चन्द्रप्रसाद न्यौपाने, घनश्याम कँडेल, रामचन्द्र भट्टराई, भुवनहरि सिग्देल र गोविन्दराज विनोदी पुरस्कृतत भइसक्नुभएको भने छन्द साधना युवा प्रतिभा पुरस्कारबाट सुदेश सत्याल, कविराज पौडेल र रुपक अलङ्कार पुरस्कृत भइसक्नुभएको छ।

छन्द कविताको स्तरीकरण र मानकीकरणका लागि साहित्यकारद्वय प्रा डा रामप्रसाद ज्ञवाली र प्रा डा देवी नेपालको अगुवाइमा २०७५ सालदेखि सो अभियान आरम्भ भएको हो।रासस

# बाढीपहिरोको क्षतिबाट रु तीन अर्ब ७८ बराबरको बीमा दावी

काठमाण्डु। गत असोजमा गएको बाढी पहिरोका कारण पुगेको क्षतिका कारण बीमा कम्पनीहरुमा रु तीन अर्ब ७८ करोड ४० लाख ९० हजार बराबरको दावी परेको छ।

गत असोज १७ गतेदेखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण जनधनको क्षति भएको थियो। प्राधिकरणका अनुसार कबूल ४३४ वटा बीमा दावीको आवेदन परेको छ।



प्राधिकरणका अनुसार सम्पत्ति बीमा ३८२, इञ्जिनियरिङ तथा ठेकेदार जोखिम ९२, कृषि तथा बाली बीमा २०९, मोटर बीमा निजीतर्फ ३७, मोटर बीमा सार्वजनिक १०, अन्य बीमा एक र सामुन्द्रिक बीमाका तीन वटा आवेदन परेको छ।

कूल ३७ जिल्लामा भएको क्षतिको क्षतिपूर्तिका लागि बीमा दावीको आवेदन परेको छ। सबैभन्दा बढी १९७ वटा बीमा दावीको आवेदन सुनसरीमा परेको छ। यस्तै, इलाममा ६०, काठमाडौँ ८०, मोरङ ९०, झापा २०, पर्सा ७१, रौतटहमा २८ वटा बीमा दावीको आवेदन परेको छ।

प्राधिकरणका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको क्षतिको रु २३ अर्ब २३ करोड बराबरको बीमा दावीको आवेदन परेको छ। यस्तै, गत असारको बाढी पहिरोका कारण भएको क्षतिको कारण रु ९८ करोड ५९ लाख बराबरको बीमा दावीको आवेदन परेको थियो।

प्राकृतिक जोखिमबाट हुने क्षतिमा भएको बृद्धिसँगै बीमा कम्पनीमा बीमा दावीको आवेदन पनि उल्लेख्य रूपमा बढेको छ। हाल नेपालमा १४ वटा निर्जीवन बीमा कम्पनी, चार वटा निर्जीवन लघुबीमा कम्पनीमा बीमा दावीको आवेदन परेको हो।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सफलताको सिंढी चढ्न सकिनेछ।
वृष : इमान्दारितापुर्वक गरिएको प्रयत्नले लक्ष्य पहिल्याउँन सहज हुनेछ।
मिथुन : विद्या तथा प्रतिस्पर्धामा सफलता पाउन निकै नै मेहनेत गर्नुपर्नेछ।
कर्कट : हतार गर्ने बानीले अनावश्यक विवादमा फस्ने योग रहेको छ।
सिंह : पुराना ऋणहरु सकाउँदै नयाँ कामको थालनी गर्न सकिनेछ।
कन्या : परिवार तथा सन्तानबाट तपाईले गरेको काममा असहयोग हुनेछ।
तुला : अगाडि बढ्ने सकिने ग्रहयोग रहेकोछ।
वृश्चिक : गलत कामहरु भुलेर पनि नगर्नुहोला तुरुन्तै जरिवाना तिर्नुपर्नेछ।
धनु : स्वास्थ्यमा एक्कासी समस्या आउने, चोटपटक लाग्न सक्नेछ।
मकर : उठ्नुपर्ने धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ।
कुम्भ: आफन्त व्यक्तिसंग विवाद पर्ने सम्भावना छ।
मीन : राजनीतिमा लाग्नेहरुले राज्यबाट विशेष सेवा सुविधा प्राप्त गर्न सक्नेछन्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



संसदीय पत्रकार मञ्च, मधेस प्रदेशको गठनसम्बन्धी पत्र शनिबार सो मञ्चका अध्यक्ष निरंजनकुमार साहले मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई बुझाइँदै । *तस्बिरः रासस*

# ठगी आरोपमा नेपाल ट्रष्टका पूर्वसहसचिव पक्राउ

काठमाण्डु । ठगी तथा आपराधिक विश्वासघातको कसुरमा नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग, काठमाडौँमा सहसचिव पदमा कार्यरत (हाल अवकाशप्राप्त) कर्मचारी चितवनको भरतपुर महानगरपालिका-१५ बस्ने ६६ वर्षका लेखबहादुर कार्की पक्राउ परेका छन् ।

नेपाल ट्रष्टका नाममा दर्ता कायम रहेको काठमाडौँको जग्गा बद् नीयत राखेर हानिनोक्सानी हुनेगरी भाडा सम्झौता दिएको पाइएपछि उक्त घटनाको अनुसन्धानका लागि कार्कीलाई पक्राउ गरिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार उनको संलग्नतामा नेपाल ट्रष्टको कार्यालय र थामशेर्कु ट्रेकिङ प्रालिको बीचमा लिजमा दिने/लिने करार सम्झौता हुँदा सूचनामा उल्लेख भएको कित्ता नं ४६०६ को जग्गाभन्दा बढी अर्को कित्ता नं. ४६०५ समेत थपगरी लिजमा दिने/लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय र आधारविना बद्नियतपूर्वक नेपाल ट्रष्टका नाममा रहेको जग्गा बोट मोडलका लागि निर्माण



अवधि तीन वर्षसमेत तोकी ३० वर्षका लागि लिजमा दिने/लिने सम्झौता गरेको पाइएको हो ।

विसं २०७४ जेठ १४ गते नेपाल ट्रष्टको कार्यालयलाई दीर्घकालीन हानिनोक्सानी हुनेगरी उक्त करार सम्झौता भएको पाइएको उहाँले बताउनुभयो ।

सिआइबीले शनिबार सार्वजनिक गरेको विवरणमा भनिएको छ, "नेपाल ट्रष्टको जग्गा लिजमा लिने लाभग्राहीले सहयोग गर्ने अधिकारी सम्बद्ध रहेको विभिन्न ओहोदा र पदमा रहेका व्यक्तिहरुले गैरकानुनी तवरले लाभ लिइ ठगी, आपराधिक विश्वासघात गरेको, उल्लेखित कार्यबाट नेपाल ट्रष्टमार्फत नेपाल राष्ट्रलाई नै ठूलो हानिनोक्सानी पुऱ्याइ विभिन्न पद तथा ओहोदामा रहेका व्यक्ति, सरकारी कर्मचारी तथा अन्य व्यक्ति, सहयोगी तथा मतियार समेतले लाभ लिएको पाइएको छ ।"

एसएसपी श्रेष्ठले सोही कसुरमा उनलाई पक्राउ गरी ठगी, आपराधिक विश्वासघातसम्बन्धी कसुरमा पक्राउ गरी उनीमाथि अनुसन्धान थालिएको जानकारी दिनुभयो ।रासस

# नासोलाई आइएयुको राष्ट्रिय सदस्यको मान्यता प्राप्त

काठमाण्डु । लामो समयको प्रयासपछि नेपाल खगोल विज्ञानको सर्वोच्च संस्था इन्टर नेसनल एष्ट्रोनोमिकल युनियन (आइएयु) को सदस्य राष्ट्र बन्न सफल भएको छ । आइएयुमा नेपालको तर्फबाट नेपाल एष्ट्रोनोमिकल सोसाइटी (नासो) ले प्रतिनिधित्व गर्ने भएको छ ।

आइएयुले राष्ट्रिय सदस्यका रूपमा मान्यता दिएसँगै सन् २००७ देखि नेपालमा सञ्चालित कार्यक्रमको औचित्य पुष्टि गर्न सफल भएको नासोका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो । सन् २०२४ मा दक्षिण अफ्रिकाको केप टाउन सहरमा सम्पन्न आइएयुको ३२औँ महासभामा नेपालले आधिकारिक रूपमा पर्यवेक्षकको भूमिका प्राप्त गरेको थियो । उक्त महासभामा नासोका तर्फबाट परियोजना संयोजक मनिषा द्वाको सहभागिता एवं प्रस्तुति रहेको थियो ।

नासोलाई आइएयुको राष्ट्रिय सदस्यको मान्यता प्राप्त भएको जानकारी आइएयुका नवनिर्वाचित अध्यक्ष एवं सन् २०११ को भौतिकशास्त्र तर्फका नोबेल पुरस्कार विजेता प्रो ब्रायन पी शिमड्टले इमेलमार्फत दिनुभएको नासोका अध्यक्ष भट्टराईले उल्लेख गर्नुभयो ।

इमेलमा उहाँले लेख्नुभएको छ, "आइएयुसँग गरिएका संवाद र पत्राचारका आधारमा कार्यकारी समितिले नासोलाई नेपालका



लागि राष्ट्रिय सदस्यका रूपमा चयन गरेको छ, जसले नेपालको सम्पूर्ण खगोल समुदायको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ", नासोले जनाएको छ ।

यो निर्णयले नेपाललाई अन्तरराष्ट्रिय खगोल विज्ञान समुदायमा थप सशक्त रूपमा सहभागी हुन, विश्वव्यापी वैज्ञानिक सहकार्यमा योगदान दिन र खगोल तथा अन्तरिक्ष अनुसन्धानका क्षेत्रमा नयाँ अवसर सिर्जना गर्न मार्ग प्रशस्त गरेको नासोका अध्यक्ष भट्टराईले विश्वास व्यक्त गर्नुभयो । नेपाली वैज्ञानिक समुदायका लागि यो गर्वको विषय हो । ... खगोलसम्बन्धी ... पालको ... आवाजलाई ... विश्व खगोल समुदायमासशक्त ... रूपमा प्रस्तुत ... गर्न नासो प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

नासोले ... सन् २००७ देखि नेपालमा खगोलशास्त्र ... शिक्षण, अनुसन्धान र जनचेतनाका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । आइएयुबाट प्राप्त ... पर्यवेक्षकभूमिकाले ... नेपाललाई ... अन्तरराष्ट्रिय सहकार्य, वैज्ञानिक ज्ञान आदानप्रदान र अन्तरिक्ष विज्ञानमा क्षमता वृद्धि गर्ने अवसर प्रदान गरेको थियो । यसबाट राष्ट्रिय सदस्य बन्ने अवसरसम्म दिएको हो ।

नेपाल तथा विदेशमा कार्यरत इन्टरनेसनल एष्ट्रोनोमिकल युनियनको व्यक्तिगत सदस्यता लिन योग्य नेपाली नागरिकलाई उक्त सदस्यताका लागि आफ्नो आवेदन दर्ता गराउन पनि नासोले अनुरोध गरेको छ ।रासस

# अन्तरराष्ट्रिय सम्बन्धबारे जेनजी पुस्ताले चासो दिनुपर्नेमा जोड

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष एवं प्राध्यापक डा खड्ग केसीले अबको शासन प्रणाली सुधारसँगै संस्कार परिवर्तनमा सबैले जोड दिनुपर्ने बताउनुभएको छ ।

अन्तरराष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागअन्तर्गत अन्तरराष्ट्रिय सम्बन्ध सरोकार समुदाय नेपालले शनिबार यहाँ आयोजना गरेको 'जेनजी आन्दोलनपछिको नेपालको राजनीतिक पद्धति र परराष्ट्र नीति' विषयक गोष्ठीमा डा केसीले जेनजी आन्दोलनपछि मुलुकले सुशासनको परिकल्पना गरेको बताउनुभयो । पछिल्लो पुस्तालाई अन्तरराष्ट्रिय कूटनीतिक सम्बन्ध र परराष्ट्रनीतिको महत्त्वबारे बुझाउनुपर्ने धारणा उहाँले राख्नुभयो ।

"राजनीतिक दल र नेताहरूले जनताप्रति गरेको अपारदर्शी व्यवहारको आक्रोशित रुपबाट जेनजी आन्दोलन जन्मिएको हो", उहाँले भन्नुभयो, "तर, युवाले अन्तरराष्ट्रिय सम्बन्ध र राष्ट्रको कूटनैतिक महत्त्वबारे बुझ्न जरुरी रहेको देखेको छु । र युवालाई यसबारे बुझाउनु हाम्रो दायित्व पनि हो ।"प्राध्यापक डा युवराज सङ्गौला र पूर्वमहान्यायाधिवक्ता एवं काठमाडौँ विश्वविद्यालयका सहप्राध्यापक डा चन्द्रलाल पाण्डे जेनजी आन्दोलनपछिको राजनीतिक पद्धति र परराष्ट्र नीतिबारे कार्यपत्र प्रस्तुत गर्नुभएको





थियो ।

डा सङ्गौलाले जेनजी पुस्ताले चाहेको रुपान्तरणलाई नजरअन्दाज गर्न नमिल्ने बताउँदै अबको शासन प्रणाली जनमुखी हुनुपर्नेमा जोड दिनुभयो । डा पाण्डेले भने जेनजी आन्दोलन समग्र समाजले भोग्दै आएको असन्तुष्टिको नतिजा रहेको बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय जगत्मा राष्ट्रिय अस्तित्व बलियो बनाउनतर्फ पनि कूटनीतिक सम्बन्धको चर्चा गर्न आवश्यक रहेकामा जोड दिनुभयो । पूर्वमन्त्री गणेश साह र पूर्वराजदूत खगनाथ अधिकारीले प्रस्तुत कार्यपत्रहरूमाथि टिप्पणी गर्नुभएको थियो ।

डा हरिप्रकाश चन्दले अन्तरराष्ट्रिय सम्बन्धको इतिहास, वर्तमान र भविष्यका बारेमा धारणा राख्नुभयो । उहाँले विगतदेखि शासन सत्तामा रहेकाले परराष्ट्र नीतिलाई खासै स्थान नदिएको उल्लेख गर्दै आगामी दिनमा यसलाई सुधार गर्दै अन्तरराष्ट्रिय कूटनीतिक विज्ञसँग साझेदारी गर्न आवश्यक रहेको बताउनुभयो । "परराष्ट्रनीतिमा त्यससँग सम्बन्धी विज्ञमाझ छलफल र वैचारिक विमर्श हुन जरुरी छ", उहाँले भन्नुभयो, "तर, हामीले परराष्ट्र नीतिलाई खासै महत्त्व दिएको पाइँदैन ।"

कार्यक्रममा अन्तरराष्ट्रिय सम्बन्धका विद्यावारिधी (पिएचडी) शोधार्थी प्रशान्तकुमार विकले पछिल्लो केही वर्षमा युवा पुस्ताले देशलाई अन्तरराष्ट्रियस्तर अब्बल बनाउने 'इन्टरनेसनल रिलेसनस्' विषयमा रुचि देखाउन थालेका बताउनुभयो । कार्याक्रममा अन्तरराष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागका प्रमुख अपेक्षा शाह पनि उपस्थित हुनुहुन्थ्यो ।रासस

# विशेषज्ञ अस्पताल निर्माण गर्न 'ग्लोबल टेण्डर' प्रक्रिया अगाडि बढ्यो'

काठमाण्डु । चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी र यहाँस्थित जमर्न राजदूत उडो युगेन भोल्जबीच शुक्रबार भेटवार्ता भएको छ ।

सो अवसरमा उहाँहरुका बीचमा जर्मन विकास बैंक (केएफडब्लू)को करिव एक अर्ब रुपैँया बराबरको आर्थिक एवं प्राविधिक सहयोगमा चन्द्रागिरि -४ थानकोटमा बन्न लागेको प्रसूति तथा स्त्रीरोग विशेषज्ञ अस्पतालका सन्दर्भमा छलफल भएको थियो ।

सो अवसरमा नगरप्रमुख गिरीले प्रसूति तथा स्त्रीरोग विशेषज्ञ अस्पताल भवन बनाउन आफूले निरन्तर पहलकदमी, सहजीकरण र समन्वय गर्दै आएको जानकारी दिनुहुँदै अगामी दिनमा पनि यस्तो कार्य निरन्तर रहने जानकारी दिनुभएको थियो ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीको 'स्याटेलाइट' अस्पतालका रुपमा थानकोटमा २५ शय्याको अस्पताल बन्न लागेको हो । यसका लागि केएफडब्लूले प्रारम्भिक खाका स्वीकृत गर्दै 'ग्लोबल टेण्डर'का चरणमा पुगेको जनाइएको छ । केएफडब्लूले अस्पतालका लागि करिव एक अर्ब बराबरको आर्थिक एवं प्राविधिक सहयोग गर्ने प्रतिवद्धता जनाइसकेको छ ।

प्राथमिक अस्पताल थानकोट परिसरमा सो



विशेषज्ञ अस्पताल भवन बनाउन मन्त्रिपरिषद्ले २३ रोपनी जग्गा नगरपालिकालाई स्वीकृत गरिसकेको छ । नगरपालिकाको सहजीकरण, समन्वय र सहकार्यमा नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र केएफडब्लूले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर ) तयार पारेका थिए ।

गत जेठको पहिलो साता अस्पतालको विस्तृत खाका सहित 'ग्लोबल टेण्डर' प्रक्रिया अगाडि बढाउन आवश्यक प्रतिवेदन तयार गर्न स्थलगत अध्ययन गर्न केएफडब्लूको केन्द्रिय कार्यालयबाट मिसेल स्वीपर, प्राडा योर्कको सहित उच्चस्तरीय टोली नेपाल आएको थियो ।रासस

# विश्व रेडियोग्राफी तथा अन्तर्राष्ट्रिय रेडियोलोजी दिवस' मनाईंदै

काठमाण्डु । 'विश्व रेडियोग्राफी दिवस' तथा 'अन्तरराष्ट्रिय रेडियोलोजी दिवस' शनिबार देशभर विभिन्न कार्यक्रम गरी मनाईंदै छ ।

विश्वभर रेडियोग्राफी र रेडिएसन थेरापीबारे चेतना फैलाउने उद्देश्यले प्रत्येक वर्ष ८ नोभेम्बरमा विश्व रेडियोग्राफी दिवस मनाइने गरिन्छ । यसवर्ष 'इमेजिङ उत्कृष्टतामार्फत स्वास्थ्य सेवा सशक्तिकरण' भन्ने मूल नाराका साथ विश्वभर १३०औं विश्व रेडियोग्राफी तथा अन्तरराष्ट्रिय रेडियोलोजी दिवस मनाउन लागिएको हो ।

सन् १८९५ नोभेम्बर ८ का दिन जर्मनीका वैज्ञानिक विल्हेल्म रोईन्टजेनले रेडियोग्राफीको आविष्कार गर्नुभएको थियो । वैज्ञानिक रोईन्टजेनले गरेको विकिरण एक्स-रे को आविष्कारप्रति सम्मान दिन प्रत्येक वर्ष उक्त दिवस विश्वभर मनाईंदै आइएको छ ।

एक्सरेले मानव शरीरभित्रका हड्डीका साथै कुनै बाहिरी पदार्थ भए नभएको कुरा पत्ता लगाउने गर्दछ भने अल्ट्रासाउण्ड, सिटि स्क्यान एमआरआइले शरीरभित्रका अङ्गमा भएका समस्याका बारेमा बिना चिरफार पत्ता लगाउने गरेको चिकित्सक बताउँछन् ।

वरिष्ठ रेडियोलोजिष्ट डा शर्मा पौडेल प्रविधिको विकाससँगै रेडियोलोजी रोग पत्ता लगाउने र उपचार गर्ने पद्दतीको रूपमा विकास हुँदै गएको बताउनुहुन्छ । बिरामीको निदान र उपचारमा रेडियोलोजीको महत्वपूर्ण भूमिका रहेको उहाँको भनाइ छ ।

डा पौडेल रेडियोलोजी विधामा विना चिरफार उपचार गर्ने 'इन्टरभेन्सन रेडियोलोजी' र रोग पत्ता लगाउने 'डाइगोनोष्टिक रेडियोलोजी' मार्फत विरामीको उपचार गर्दै आएको बताउनुहुन्छ ।

विकिरण अर्थात् रेडिएसन आउने एक्स रेबाट सुरु भएको विधा भएकाले यसलाई रेडियोलोजी भनिएको छ । रासस

# निजी क्षेत्रको मनोबल बढाउन सरकारले विशेष पहल गर्नुपर्छः अध्यक्ष ढकाल

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको मनोबल बढाउनका लागि सरकारले विशेष पहल लिनुपर्नेमा जोड दिनुभएको छ ।

महासङ्घले शनिबार आयोजना गरेको 'राष्ट्रिय बृहत् आर्थिक बहस २.० ' कार्यक्रममा मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले राज्यले निजी क्षेत्रको योगदान आत्मसात् गर्दै आमसर्वसाधारणलाई पनि बुझाउने गरी मन्त्रिपरिषद्बाट सार्वजनिक महत्वको प्रस्ताव पारित गर्नु आवश्यक रहेको बताउनुभयो ।

"दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि सबैको प्रयास अहिलेको समयमा आवश्यक छ । यसका लागि सबै राजनीतिक दल, युवा पुस्तालगायत सरोकारवालासँगको संवाद र सहकार्यमा समयमै निर्वाचन हुने वातावरणको सुनिश्चितता हो", उहाँले भन्नुभयो, "सरकारले यसतर्फ प्रयास गरिरहेको पनि छ । हामी निजीक्षेत्र पनि सम्पूर्ण रुपमा शान्ति स्थायित्व र समृद्धिका लागि समयमै निर्वाचनको वातावरण बनाउन आग्रह गर्दछौँ । यसमा निजीक्षेत्र सहयोग र सहकार्य गर्न तयार छ ।"

अध्यक्ष ढकालले अर्थमन्त्री रामेश्वर खनालले हालैको एक कार्यक्रममा निजीक्षेत्र भनेको फल दिने वृक्ष हो भनेको स्मरण गर्दै यसलाई थप मलजल गरी बढीभन्दा बढी फल दिनेगरी संरक्षण गर्न सकियो भने मात्रै मुलुकले अधिकतम लाभ लिनसक्ने र मुलुक समृद्ध बन्ने बताउनुभयो । युवा पुस्ताको आन्दोलन र मागबमोजिम मुलुकमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने प्रयत्नमा सरकार लागेको समयमा निजीक्षेत्र पनि खरानी टक्टक्याउँदै जुर्मुराउन खोजिरहेको उहाँको भनाइ छ । महासङ्घले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा रु ४८ अर्बको भौतिक क्षति भएको र यसबाट निजी क्षेत्रको करिब रु ८८ अर्ब बराबार






नोक्सानी भएका उहाँको भनाइ छ ।

उहाँले हरेक आन्दोलन वा प्रदर्शनमा निजी क्षेत्रमाथि प्रहार हुने गरेको भए पनि यसपटक विगतका आन्दोलनभन्दा यसपटक बढी आहत भएको उल्लेख गर्नुभयो । "एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट गरेर, ऋण काडेर उद्यमीले लगानी गरेको हुन्छ, राजस्वमा योगदान पुऱ्याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ । तर पनि आन्दोलनमा उद्यमी व्यवसायीका शयन कक्षसम्म लुटपाट भएको छ । व्यापार व्यवसायमा आगो लागेको छ । यो घटनाले सबैले आफैंले आफैंलाई फर्केर हेर्न पनि बाध्य पारेको छ । हामी पनि समीक्षा गर्दैछौँ हामी कहाँ चुक्यौँ । अनि समाज कहा चुक्यो", उहाँले भन्नुभयो । उहाँले आन्दोलनका क्रममा आगजनी, तोडफोड तथा लुटपाट गर्नेमाथि कडाभन्दा कडा कारबाही नहुने हो भने दण्डहीनता मौलाउने उल्लेख गर्दै दोषीलाई कुनै पनि नाममा प्रश्रय दिन नहुनेमा जोड दिनुभयो ।

उहाँले नेपालमा केही पनि हुँदैन र नेपालको लगानीले केही पनि गर्न सकिँदैन भन्ने नकारात्मक भाष्य चिर्नका लागि महासङ्घको पहलमा नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्श र गैरआवासीय नेपाली सङ्घ सदस्य एवं अन्य व्यवसायीको संलग्नतामा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडिपी) कम्पनी स्थापना भएको पनि उल्लेख गर्नुभयो ।

"यस कम्पनीले मुलुकभर छरिएर रहेको आन्तरिक पुँजी सङ्कलन गरी ठूला पूर्वाधारका परियोजनामा लगानी गर्नेछ । यसबाट लगानीकर्ताको विश्वास बढाउने र आन्तरिक पुँजीको परिचालनबाट पनि ठूला परियोजना गर्न सकिने सन्देश दिन सकिनेछ", उहाँले भन्नुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आमजन र भाषालाई जोड

मुलुकमा राजतन्त्र, राणातन्त्र, पञ्चायती व्यवस्थाविरुद्ध क्रमशः ठूल्ठूला आन्दोलन भएको इतिहास नै छ । तर पनि आमजनताले आफ्नो पहिचान, संस्कृति, बोलीवचन, भेषभुषालगायत विविध समस्याहरु जस्ताको त्यस्तै रहँदा आन्दोलनले निरन्तरता पाउँदै गए । माओवादी आन्दोलन, तेश्रो आन्दोलन, मधेशमा पटकपटक आन्दोलनका कारण मुलुकमा संघीयतासहितको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आए पनि आमजनले भने परिवर्तनको अनुभूति कहिल्यै गर्न पाएन । जसले गर्दा मुलुकमा सात प्रदेश स्थापना गरियो । मुलुकमा सातै वटा प्रदेश स्थापना भए पनि आमजनले अहिलेसम्म पनि आफ्नो पहिचान, संस्कृति, बोलीवचनलगायतको अनुभूति गराउन प्रदेश सरकार सफल भएको देखिदैँन । प्रदेश स्थापना भएको संघीयता कार्यान्वयन भएको करिब ८ वर्ष भएको छ । मधेश प्रदेश सरकारसंग आमजनको निकै अपेक्षा थियो र छ । तर सो जनअपेक्षा अनुरुपको कार्य गर्नुभन्दा बढी गफमै वितायो । यहाँको पहिचान र यहाँको मातृभाषालाई स्थापित गर्नुभन्दा बढी न्यून जनसंख्या रहेको गैरमातृभाषालाई प्राथमिकता दिने प्रचलन एक्कासी हावी भयो । जसले गर्दा मातृभाषालाई लिएर अहिले पनि मधेशवासीहरु मधेश प्रदेश सरकारसंग क्रुद्ध छन् । प्रदेश सरकार स्थापना भएसंगै मधेश प्रदेशमा बनेको पहिलो प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले मातृभाषामा सपथ ग्रहण नगरेपछि जनकपुरधाममा मातृभाषालाई लिएर विरोधस्वरुप आन्दोलन नै भएको थियो । त्यसपछि मधेश प्रदेश सरकारले भाषाको सवालमा लामो समयसम्म मौन थियो । त्यसको केही वर्षपछि मधेश प्रदेश सरकारले प्रदेश नीति आयोगका संस्थापक उपाध्यक्ष डा. हरिवंश झाको अगुवाइमा मधेश प्रदेशमा बोलिने मातृभाषालाई बेवास्ता गर्दै गैरमातृभाषाको बाहुल्यता स्थापना गर्नका लागि आठ वटै जिल्लामा अभियानस्वरुप भाषाको अनुगमनसहितको अभियान नै संचालन गरिएको थियो । तर प्रदेश सरकारले संचालन गरेको सो अभियान पनि सफल र विवादरहित हुन सकेन । जसले गर्दा मधेश प्रदेशमा बोलिने मातृभाषाविरुद्ध सरकारीस्तरबाटै षड्यन्त्र भएको मातृभाषा अगुवाहरुले पटकपटक आरोप लगाउने गरेका छन् । मधेशमा मुख्यतः मैथिली, भोजपुरीलगायतका मातृभाषा बढी बोलिने गरेको छ । यसप्रति राजनीतिक दलहरुले खासै रुचि देखाएन । बरु मातृभाषालाई बेवास्ता गर्दै गैरमातृभाषालाई प्रश्रय दिनका लागि अहिले पनि विभिन्न खाले खेलहरु भइरहेको छ । मधेश केन्द्रित दलका शीर्षनेतृत्वहरु पनि गैरमातृभाषालाई नै प्राथमिकता दिइरहेको देखिन्छ । जबकी मधेशमा बहुसंख्यक आमजनले विभिन्न खाले अधिकारवादी आन्दोलनको क्रममा पहिचान र भाषा मुख्य मुद्दाको रुपमा रहेको थियो । तर भाषामाथि नै राज्यस्तरबाट षड्यन्त्र हुन थालेपछि मधेशमा मातृभाषा र पोशाकलाई लिएर विभिन्न खाले अभियानहरु पनि संचालनमा रहेको पाइन्छ । मधेशमा मातृभाषा हाबी हुने भएपछि प्रदेश सरकारले पनि भाषामाथिको षड्यन्त्रलाई यथावत नै राखेको छ । मुख्यमन्त्री सतीशकुमार सिंह हुँदा मातृभाषालाई प्राथमिकता दिने भनिए पनि उनकै मन्त्रिमण्डलमा रहेका केही मन्त्रीले मातृभाषालाई विवादमा पारी ओझेलमा रोखेका थिए । त्यसैले सरकार सबैभन्दा पहिला आफ्नो मातृभाषाबारे स्पष्ट हुनु जरुरी छ ।

# दलहरु बीच किँचलो



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

कुनैपनि आन्दोलनको कुनै न कुनै मूल उद्देश्य हुन्छ । गणतान्त्रिक व्यवस्थामा जनताले आफ्ना माग राख्नका लागि विरोधमा उत्रनु प्रजातान्त्रिक अधिकार हो । सरकारलाई क्षमताअनुसार उचित मागलाई सम्बोधन गर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । यो नै गणतन्त्रको सुन्दर पक्ष हो ।

जेन्जी समूहले भ्रष्टाचारीमाथि कारवाहीका लागि सडकमा उत्रेका थिए । नेपालमा अहिलेसम्म भएको सवैभन्दा भीषण आन्दोलन जेन्जीले गरेका हुन् । दुई दिनको आन्दोलनमा ५४ जना जेन्जीसहित ७६ जनाको मृत्यु भयो । सयौंको सङ्ख्यामा घाइते भएका छन् । सो आन्दोलनको वलमा सत्ता परिवर्तन भयो । अहिलेको अवस्थालाई हेर्दा, ओली हटेपछि जेन्जी आन्दोलनको औंचित्यपनि पुरा भएको जस्तो अनुभूति भइरहेको छ । जेन्जी समूह सडकमा उत्रेर सरकारले सामाजिक सञ्जालमा गरिएका प्रतिबन्धसँगै भ्रष्टाचार नियन्त्रण, सुशासनलगायतका विषयमा सरकारलाई सचेत गराउन उत्रेका थिए । तर, विरोधको कार्यक्रम मुख्य लक्ष्यबाट भटकेर बानेश्वरमा संसद् भवनतर्फ बढ्ता अवस्ता तनावपूर्ण भयो । त्यसपछि घटेका दुःखद घटनाले विश्वलाई आश्चर्यमा पारेको थियो । त्यसपछि, दोश्रो दिन भदौं २४ गते सर्वसाधारणहरु सडकमा उत्रेर आक्रोस पोखेका थिए । त्यो आक्रोसमा राष्ट्रिय सम्पदासँगै अरबौं मूल्यको भौतिक क्षति भयो । मुलुकमा सत्ताको स्थायित्व हुन नसक्नु र रोजगारको व्यवस्था नहुँदा नवयुवादेखि अधिकांस व्यक्तिहरु असन्तुष्ट थिए । नेताको कार्यशैलीबाट जनता बढी आक्रोसित छन् भन्ने सो आन्दोलनबाट पुष्टि हुन्छ । नेताहरु सत्तामा पुग्नका लागि धेरै ठूल्ठुला सपना बाँडेका थिए । जेन्जीको आन्दोलन देखेर दलका शीर्ष नेतालाई सच्चिनुपर्ने थियो । जेन्जीको मागप्रति प्रतिबद्धता प्रकट गर्नुपर्ने थियो । तर, नेताहरु जेन्जी आन्दोलनको मुख्य उद्देश्य परिपूर्तिका लागि आ-आफ्ना दलको नीतिमा परिवर्तन गरी विगतमा भएका त्रुटीलाई सच्चयाउने प्रतिबद्धता प्रकट गर्नुपर्ने थियो । त्यो कुनैपनि मुख्य दलले सार्वजनिक रुपमा जेन्जीको भावनाअनुरुप कार्य गर्ने भनेर घोषणा गरेको देखिएन् ।

जेन्जी आन्दोलनको कारण संसद् विघटन भयो । यतिखेर, प्रचण्डलगायतका नेताहरु संसद् विघटनलाई अवसरको रुपमा लिएका छन् । निर्वाचनमा सशक्त भूमिका निर्वाह गर्न नयाँ दल निर्माण गरेका छन् ।

नेपालमा प्रजातन्त्र पुनस्थापनादेखि गणतन्त्रका यो अवधिसम्म आइपुग्दा पैत्तीस बर्षको अवधिमा राजनीतिक दलहरु शासन सत्तामा पकड बलियो बनाएका छन् । २०६२/०६३को दोश्रो जनआन्दोलनपछि पुरानो अनुहार नै आलोपालोको नीतिअनुरुप सत्ताको नेतृत्व गर्दै रहनु नै सोको प्रमाण हो । आउँदो निर्वाचनपछि पुनः सोही अनुहार सत्तामा रजाइ गर्ने प्रवल सम्भावना छ । पुरानो पुस्ताले राष्ट्र निर्माणमा नयाँ दृष्टिकोण पस्किन नसकेको र भ्रष्टाचारीलाई मलजल गरेको आरोप लाग्दै आएको छ भने नयाँ पुस्तालाई कुनैपनि दलमा खोजेअनुरुपको ठाउँ पाउन मुश्किल छ । जनभावनाको कदर गर्दै जेन्जी आन्दोलनको चाहनाअनुरुप दलहरुलाई कार्यनीति बनाउनुपर्ने हो ।

प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले एघारह मुलुकबाट राजदूत फिर्ता गरेको निर्णयलाई सर्वोच्च अदालतले अन्तरिम आदेश जारी रोक लगाएको छ । यो सरकारको मुख्य उद्देश्य निर्वाचन गराउनु नै हो । तसर्थ, सरकारले चाहेर पनि ठोस निर्णय लिन नसक्ने अवस्था छ ।

### दलको अवस्था

भदौं २३ र २४ गतेको जेन्जी आन्दोलनपछि मुलुकको राजनीतिमा ठूलो उलटफेर हुने सम्भावना अनुमान गरिएको थियो । शासकीय स्वरुपमा परिवर्तन हुने, भ्रष्टाचारी नेता र कर्मचारीमाथि कारवाही हुने, नेताहरुको सम्पछि छानविन हुनेजस्ता खवरले मुलुक तात्तिएको थियो । तर, जेन्जीले संसद् विघटन हुनुपर्ने माग राखेका थिए । संसद् विघटन भएपछि ६ महिनाभित्र निर्वाचन गराउनुपर्ने संवैधानिक व्यवस्था छ । सो आधारमा निर्वाचनको तिथि फागुन २१ गते तोकिएको हो । दलहरु चुनावी वातावरण बनाउनुतर्फ अग्रसर हुनुपर्ने हो । तर, मुख्य दलहरु आन्तरिक किँचलोमा फसेका छन् । काँग्रेसभित्र सकेको थिएन् । माओवादीपनि पूर्णरुपमा नयाँ पार्टीमा समाहित भएको छैन् । अर्कोतर्फ, केपि ओलीले एकीकृत समाजवादी पार्टीभित्र उथलपुथल मचेको देखेपछि पार्टी छोडेका कार्यकर्ता नेतालाई आफ्नै घर फर्कन आह्वान गरेको छ ।

यसो त, एमालेमा पनि आन्तरिक कलह चुलिँदै छ । तर, ओलीको विरुद्ध विद्रोह गर्ने आँट गरेको देखिएको छैन् । जेन्जी आन्दोलनको क्रममा सवैभन्दा बढी आक्रोस ओलीप्रति नै थियो । समग्रमा भन्नु पर्दा, सवैदलभित्र उकुसमुकुस चलिरहेको छ । जेन्जी आन्दोलनको क्रममा शेरबहादुर देउवा, केपि ओली र प्रचण्डप्रति सडकमा बढी आक्रोस देखिन्थ्यो । देउवाले राजनीतिबाट सन्यास नलिएपनि पार्टीको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई सुम्पेका छन् । पार्टीभित्र प्रचण्डको विरोध हुन थालेपछि यतिखेर, साना दलहरु समेटेर नयाँ पार्टी गठन गरी पुनः नेतृत्वमैं रहिरहने उपाय खोजिसकेका छन् । ओलीले पार्टी अध्यक्षबाट राजीनामा के गर्ने ? उनले त प्रधानमन्त्री बन्ने आकाङ्क्षा नै प्रकट गरेका छन् । जेन्जी पुस्ताले परिवर्तनको आकाङ्क्षा राखेर आन्दोलन गरेका थिए । जेन्जीको चाहना पुरा गर्नु त टाढाको कुरा नेताहरु



नियमित कि विशेष अधिवेशनको विषयको विवाद चरमोत्कर्षमा पुगेको छ । प्रचण्डको संयोजकत्वमा माओवादीकेन्द्रसहित दसवटा बामपन्थी दल मिलेर नयाँ पार्टी 'नेपाली कम्युनिष्ट पार्टी' गठन गरेको छ । सो एकीकरणको माध्यमबाट ठूला नेताहरु आफ्ना राजनीतिक भविष्य सुरक्षित गरेको बुझिन्छ । अर्कोतर्फ, समूल रुपमा पार्टीका नेता र कार्यकर्तालाई नयाँ पार्टीमा समाहित गराउन नसक्दा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीमा फुट भएको छ । अहिलेको परिस्थितिमा प्रचण्डलाई चूनौंति दिन खोजेका जनार्दन शर्माहरु अलमलमा परेका छन् । शर्माले पनि नयाँ पार्टी गठनमा जुटेको चर्चा छ ।

सर्वोच्च अदालतले संसद पुनःस्थापना भयो भने सवै दल पुनः पुरानो अवस्थामा फर्कने छ । त्यसपछि, माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टी पुरानो अवस्थामा फर्कने छ । त्यसपछि, सरकार गठनका लागि नयाँ चलखेल शुरु हुनेछ । त्यो वेला नेपाल कम्युनिष्ट पार्टीको लागि नयाँ परीक्षा हुनेछ ।

अर्कोतर्फ, बामपन्थी विचारधाराका नेकपा( एमाले)को जनतामा पकड छ । नेपाली कम्युनिष्ट पार्टीलाई सवैभन्दा पहिले एमालेको परम्परागत मतलाई आफ्नो तर्फ तान्नु पर्छ । त्यसो गर्न नसकेको खण्डमा विगत झैं परिमाण आउने सम्भावना रहन्छ । नेपाली कम्युनिष्ट पार्टीमा पनि उही पुरानो अनुहार छन् । सङ्ख्यामा दस पार्टी भएपनि जनतामा अधिकांस दलको जनताबीच खासै पकड नरहेको निर्वाचनको समानुपातिक मतले प्रमाणित गर्छ । एकीकृत समाजवादी पार्टीले थ्रेसहोल्डको न्यूनतम ३ प्रतिशत मत कटाउन संसद् विघटनको फाईदा उठाउनतर्फ उद्यत देखिन्छ ।

### काँग्रेसभित्र कलह

नेपालको प्रत्येक आन्दोलनमा काँग्रेसले अग्रनी भूमिका निर्वाह गरेको हो । नेतामा सवैलाई समेटेर अगाडि बढने नेतृत्वको अभाव देखिन्छ । वीपी कोइराला, गणेशमान सिँह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाको एउटा छुट्टै व्यक्तित्व थियो । जहाँ पुग्नासाथ जनताको उर्लिने गर्थे । त्यो छवि देउवाले बनाउन सकेन् । काँग्रेसको विकल्पमा कुनै सशक्त लोकतान्त्रिक पार्टी नहुँदा प्रजातान्त्रिक विचारधाराका मत बाध्यतावश काँग्रेसले प्राप्त गर्दै आएको हो । मधेशमा मधेशकेन्द्रीत दलमा अधिकांस काँग्रेस छोडेर नेता र कार्यकर्ताहरु छन् । सा कारणले काँग्रेसको गढ मानिएको मधेशमा काँग्रेस कमजोर अवस्थामा छन् ।

पार्टीको नेतृत्व गर्ने व्यक्तिमा दुरदृष्टि हुनुपर्छ । जेन्जी आन्दोलनको पहिलो दिन भदौं २३ गतेको घटनापछि अविलम्ब देउवालाई आफ्नो समर्थन फिर्ता लिएर काँग्रेसी मन्त्रीलाई राजीनामा गर्न निर्देश गर्नुपर्ने थियो । त्यो नगरिँदा देउवा दम्पतिलाई जे भयो त्यो त सवैको सामू नै छ । सम्भवतः २४ गते त्यत्रो विध्वंश हुने थिएन् । अहिलेपनि काँग्रेसको चेत खुलेको छैन् । काँग्रेसभित्र दुई धार स्पष्ट रुपमा देखापरेको छ । महामन्त्री गगन थापाहरु निर्वाचनअघि पुसमैं पार्टीको नियमित महाधिवेशन हुनुपर्ने अडान लिएका छन् । अर्कोतर्फ, संस्थापन पक्षले निर्वाचनपछि वैशाख महिनामा हुनुपर्ने सुझाव दिइरहेका छन् । चुनावअघि महाधिवेशन भयो भने प्रतिनिधिसभाको निर्वाचनमा प्रतिशोधको भावना बढ्ने आशङ्का व्यक्त गर्छन् । नेपाली काँग्रेसका नेता डा. शेखर कोइराला नियमित अधिवेशन मङ्सिरमा गर्नुपर्ने माग लामो समयदेखि उठाइरहेका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा विशेष महाधिवेशनको माग राख्दै हस्ताक्षर अभियान नै गरेका थिए ।

काँग्रेसभित्र गुटगत राजनीतिमा अहिले देउवा पक्ष केही कमजोर देखिएको छ । तर, पार्टीको नेतृत्व गरिरहेका कारण परिस्थिति आफ्नो पक्षको अनुकुल भएपछि महाधिवेशन गर्ने कार्यवाहक सभापति खड्काको सोचाई देखिन्छ । काँग्रेसभित्र क्रियाशील सदस्यताको वितरणमा पक्षपात हुने गरेको आरोप लाग्दै आएका छन् । यतिखेर, गगन थापा आफ्ना पक्ष वलियो बनाउन बढी सक्रिय छन् । डा. शेखर कोइरालाको लागि थापा चूनौंति खडा गर्न सक्छन् । थापाले देउवाको अत्यधिक विरोध गरेको कारण देउवा पक्षले गगन थापालाई पार्टी सभापति बन्न नदिँन अन्ततः डा. शेखरलाई सो गुटको समर्थन गर्न सक्छन् । सोही कारणले डा. शेखरले संयमित रुपमा आफ्ना धारणा राख्ने गरेको देखिएको छ । अहिले परिस्थितिमा काँग्रेसले दुरदृष्टि पुर्‍याउन सकेन् भने आउँदो निर्वाचनमा ठूलो पार्टीको हैसियत राखि राख्न मुश्किल हुनेछ ।

### राप्रपामा विवाद

नेपालमा प्रजातन्त्र पुनःस्थापनापछि राष्ट्रिय प्रजातन्त्र पार्टीको जन्म भयो । एकले अर्काको नेतृत्व स्वीकार नगर्ने सो पार्टीमा राप्रपा (थापा) र राप्रपा (चन्द) त्यसपछि एकता र विभाजनको क्रम निरन्तर रुपमा चल्दै रह्यो । अचेल, विगत, ६ महिनादेखि सो पार्टीपनि आन्तरिक कलहमा फसेका छन् । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवल शमशेर राणाबीच गुटगत राजनीति चरम अवस्थामा पुगेको छ । समग्रमा हेर्दा, सवै दलभित्र गुटगत राजनीति बढ्दै गएको छ । निर्वाचनमा यसले गम्भीर असरपर्ने सम्भावना देखिन्छ ।

### नयाँ पार्टीको घोषणा

माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, जनसमाजवादी पार्टी, नेपाल समाजवाद पार्टी, विप्लवबाट छुट्टिएको नेकपा, नेकपा समाजवादी पार्टी, नेकपा माओवादी समाजवादी र नेकपा साम्यवादी एक्यबद्ध भएर 'नेपाली कम्युनिष्ट पार्टी' गठन गरेका छन् । झलनाथ खनाल शुरुमा असन्तुष्ट थिए, अन्ततः नयाँ पार्टीमैं बस्ने निर्णय गर्‍यो । माओवादी केन्द्र र एकीकृत समाजवादीबाहेक यि साना दलहरु मिलाएर गठित नयाँ नेपाली कम्युनिष्ट पार्टीले बामपन्थी मतलाई तान्न कति सफल हुनेछ भन्ने विषयमा आकलन शुरु भएको छ ।अर्कोतर्फ, मधेशकेन्द्रीत दलहरु सङ्गठित भएर चुनाव लड्ने तयारीमा जुटेका छन् ।

### विभाजन

नेपाली कम्युनिष्ट पार्टीको गठनपछि माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीका कतिपय नेताहरु असन्तुष्टि प्रकट गर्दै सो पार्टीमा समाहित भएन् । माओवादीका नेता जनार्दन शर्मा र राम कार्कीलगायतका कतिपय नेता प्रचण्डको साथ छोडेका छन् । मोहन वैद्यहरु धेरै पहिले नै प्रचण्डबाट अलग भइसकेका छन् । विगत एक बर्षदेखि जनार्दन शर्मा र प्रचण्डबीच सम्बन्धमा तीत्तोपना देखिन थालिएको थियो । एकीकृत समाजवादीका नेता घनश्याम भुसाल, राकुमारी झाँक्रीलगायतका नेताहरु माओवादीसँगको एकतामा सहभागी भएनन् । नेकपा एमालेबाट माधवकुमार नेपाल लगायतले अलग भएर एकीकत समाजवादी पार्टी गठन गरेका थिए । यसो हेर्दा, आउँदो निर्वाचनअघि राजनीति दलहरु सशक्त रुपमा चुनावी प्रतिस्पर्धामा उत्रने तयारीमा जुटिसकेका छन् । 'इतिश्री '!

# लोकतन्त्रको रक्षक कांग्रेस, अब आफ्नै लोकतन्त्रको खोजीमा



रमेश कुमार बोहोरा

नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेस केवल एक दल होइन लोकतन्त्रको पर्यायको रूपमा चिनिन्छ । यही पार्टीले मुलुकमा बहुदल, अभिव्यक्ति स्वतन्त्रता र संवैधानिक शासन प्रणालीको बीज रोपेको थियो । तर आज यही कांग्रेस आफ्नै विचार र अस्तित्वको दोभानमा उभिएको छ । संस्थापकहरूले कल्पना गरेको ' उदार लोकतान्त्रिक कांग्रेस' र आजको सत्ता केन्द्रित कांग्रेसबीचको दूरी यति बढिसकेको छ कि पुराना नेताहरू समेत भन्न थालेका छन् "अब कांग्रेस विचार होइन, अस्तित्वको लडाइँ लड्दैछ ।" यो कथन कुनै भावनात्मक विस्फोट होइन पार्टीभित्रको वास्तविकता हो ।

सदस्य नविकरणदेखि महाधिवेशन तयारीसम्मका सबै गतिविधिले पार्टीभित्र गहिरो असन्तुलन र असन्तोष उजागर गरिदिएका छन् । संगठनका आधारभूत तहहरू कमजोर बनेका छन् र विचारभन्दा सञ्जाल, योग्यता भन्दा हैसियतले मूल्यांकन हुने अवस्था बनेको छ । धेरै जिल्लामा सदस्यता वितरण 'राजनीतिक ठेक्का प्रणाली' जस्तो देखिन थालेको छ । यही कारण पार्टीको मुल मर्म नै अब वैचारिक आन्दोलन होइनसत्ताको समीकरणमा सीमित भएको छ । यस्तो निराश अवस्थाबीच पार्टीभित्र उदाएको 'एक आन्दोलन' भने नयाँ आशाको संकेत हो । यो केवल नेताविरुद्धको असन्तोष होइन संस्थागत पुनर्जागरणको आह्वान हो । युवातहले देउवा युगको अन्त्य र वैचारिक पुनःस्थापना माग गरेका छन् । उनीहरूको आवाज स्पष्ट छ "हामी व्यक्ति होइन, विचारका लागि कांग्रेसमा छौं ।" यही चेतनाले पुरानो संरचना हल्लाउन थालेको छ ।

तर पार्टीको शीर्ष तहमा त्यही पुरानो नेतृत्व अझै अडिएको छ । सभापति शेरबहादुर देउवाको दीर्घ नेतृत्वले कांग्रेसलाई केही हदसम्म स्थायित्व त दिएको छ तर अब त्यसले ऊर्जा गुमाइसकेको आभास पार्टीभित्र र बाहिर दुबै ठाउँमा छ । उनको कार्यशैली सत्ता र सञ्जालमा केन्द्रित रहँदा संगठन र विचारको पुनर्निर्माण उपेक्षित रह्यो । परिणामस्वरूप, पार्टीभित्र अहिले उत्तराधिकारीबारे खुला बहस सुरु भएको छ ।

देउवा समर्थकहरूले उनलाई 'अनुभव र एकताको प्रतीक'को रूपमा चित्रण गर्छन् तर युवातहले उनलाई परिवर्तनको अवरोधका रूपमा हेर्छन् । गगन थापा, विश्वप्रकाश शर्मा र धनराज गुरुङ जस्ता युवानायकहरू निरन्तर नेतृत्व हस्तान्तरणको माग गर्दै आएका छन् । तर उनीहरूको स्वर अझै एकीकृत आन्दोलनमा परिणत हुन सकेको छैन । यही कारण परिवर्तनको लहर आधा बाटोमै अड्किएको छ ।

यसबीचमा पार्टीभित्र अर्को बहस चर्किएको छ । विशेष महाधिवेशन गर्ने कि नियमित महाधिवेशन पर्खने । गगन विश्वप्रकाश समूहको तर्क छ "अहिले पार्टीले नेतृत्व हस्तान्तरण र संगठन पुनर्संरचनाको तत्काल निर्णय लिनुपर्छ । नियमित प्रक्रियाले समस्याको समाधान गर्दैन ।" तर कार्यवाहक सभापति पूर्णबहादुर खड्काको दृष्टिकोण फरक छ । उनका अनुसार "पार्टीलाई अहिले स्थायित्व चाहिएको छ हतारको निर्णयले संकट झन् गहिरिन्छ ।" देउवा समूह पनि यही धारणामा अडिग छ । तर युवातहको धैर्य अब अन्तिम चरणमा पुगेको छ । उनीहरूको भनाइ छ "देउवा युगले अब कुनै नयाँ बाटो देखाउने छैन कांग्रेसले नयाँ नक्सा बनाउन चाहन्छ भने त्यो नक्सा नयाँ पुस्ताले कोर्नुपर्नेछ ।"

महामन्त्रीहरूका असन्तुष्टि अब केवल मतभेद होइन नीतिगत द्वन्द्वका रूपमा देखा पर्न थालेका छन् । गगन थापा र विश्वप्रकाश शर्माले पार्टीको निर्णय प्रक्रिया पारदर्शी नभएको खुलेर आलोचना गरेका छन् । केन्द्रीय बैठकहरू औपचारिकतामा सीमित छन् नीतिगत बहस हराएको छ । निर्णयहरू केही व्यक्तिहरूको सहमति निर्देशनमा सीमित छन् । यही कारण पार्टीभित्र 'निर्देशनको लोकतन्त्र' चलेको आरोप लाग्न थालेको छ । गगन थापाको भनाइ यस संकटको सार झल्काउँछ "लोकतन्त्रको मर्म बुझाउने पार्टी आफ्नै भित्रको लोकतन्त्रमा पराजित छ ।"



त्यहीबीच कार्यवाहक सभापति पूर्णबहादुर खड्का अत्यन्त कठिन भूमिकामा छन् । एकातिर देउवा समूहको निरन्तरता चाहना अर्कोतिर युवातहको परिवर्तनको दबाब यी दुईबीच सन्तुलन कायम राख्न उनी संघर्षरत छन् । उनी आफैं पनि सभापतिको सम्भावनाबारे सोचिरहेका छन् तर यही द्विविधाले उनको भूमिकालाई असमञ्जस बनाएको छ । यस राजनीतिक अराजकतालाई तोड्ने एउटा प्रयासको रूपमा पार्टी भित्र आन्दोलन उदाएको छ । यसको मर्म केवल नेताविरोध होइन नयाँ राजनीतिक संस्कृतिको माग हो । यसले तीन स्पष्ट सन्देश दिएको छ । पार्टीले विचारमा फर्कनुपर्छ,निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ र नेतृत्व हस्तान्तरण व्यवहारिक हुनुपर्छ ।

युवाहरूले कांग्रेसको पुरानो 'उदार समाजवाद'लाई आधुनिक व्याख्यामा पुनः परिभाषित गर्न खोजिरहेका छन् । उनीहरूको दृष्टिकोणमा आर्थिक उदारीकरणसँगै सामाजिक न्याय, समावेशी शासन र अवसरको समान वितरण हुनुपर्छ । यही वैचारिक पुनरुत्थान कांग्रेसको नयाँ पहिचान बन्न सक्ने सम्भावना देखिएको छ । तर संगठनात्मक दृष्टिले कांग्रेसको सामाजिक आधार कमजोर बन्दै गएको छ । परम्परागत मतदाता वर्ग, शिक्षक, व्यापारी, साना व्यवसायी र मध्यम वर्ग पार्टीबाट टाढा जाँदैछन् । पछिल्ला स्थानीय चुनाव परिणामहरूले यसलाई प्रमाणित गरेका छन् । आफ्नै गढ ठानिएका क्षेत्रमा समेत पराजय भोग्नु संगठनात्मक क्षय मात्र होइन जनविश्वास गुमाउनु पनि हो ।

महिला, दलित जनजातिको प्रतिनिधित्व अझै प्रतीकात्मक सीमामा छ । संविधानले आरक्षणको व्यवस्था गरे पनि निर्णय तहमा उनीहरूको आवाज सुनिँदैन । कांग्रेसको सामाजिक सन्तुलन बिग्रँदै जानु यसको वैचारिक असन्तुलनको पनि द्योतक हो । कांग्रेसको वास्तविक संकट नेतृत्व होइन विचारको हो । नेताहरू विचारभन्दा पदमा संगठनभन्दा सञ्जालमा केन्द्रित भएका छन् । यही कारण पार्टीको मुल मर्म मर्न थालेको छ । पार्टीका बौद्धिक वृत्तहरू चेतावनी दिन्छन् "अब कांग्रेसले शक्ति होइन, दृष्टिकोणमा प्रतिस्पर्धा गर्नुपर्छ ।" तर त्यो दृष्टिकोण खोज्ने प्रयास दुर्लभ बनेको छ ।

आज नेपाली कांग्रेस एक निर्णायक मोडमा उभिएको छ । लोकतन्त्रको जग बसाल्ने यही पार्टीले अहिले आफ्नै लोकतान्त्रिक मर्मसँग सम्झौता गर्न थालेको छ । देउवाको दीर्घ नेतृत्वले स्थायित्व त दिएको छ तर पुनर्जागरणको ढोका बन्द गरेको छ । यदि कांग्रेसले अहिले आत्मसमीक्षा र नवसंरचनाको बाटो रोजेन भने इतिहासले यसलाई केवल अतीतको कथा बनाइदिनेछ । लोकतन्त्रको रक्षा गर्ने पार्टीले आफ्नै भित्रको लोकतन्त्र पुनःस्थापना गर्न सकेन भने त्यसले केवल आफ्नो अस्तित्व होइन देशको लोकतान्त्रिक मूल्यको पनि पराजय देख्नेछ । समयले कांग्रेसलाई पुनर्जन्मको अवसर दिएको छ । त्यो पुनर्जन्म व्यक्तिमा होइन विचारमा हुनुपर्छ । यदि कांग्रेसले विचारको बाटो समातेन भने उसले सत्तासँगै आफ्नो इतिहास पनि गुमाउनेछ ।

(लेखक :- बोहोरा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनु)

# पूर्वमन्त्री आलामको निधनप्रति कांग्रेसद्वारा शोकप्रस्ताव पारित

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका नेता एवं पूर्वमन्त्री मोहम्मद अफताव आलमको निधनप्रति शोकप्रस्ताव पारित गरेको छ ।

पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा शनिबार बसेको पार्टीको आकस्मिक केन्द्रीय कार्यसमितिको बैठकले शोकप्रस्ताव पारित गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।कांग्रेसले पार्टीका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री एवं रौतहट जिल्लाका पूर्वसभापति ६३ वर्षीय आलमको गएराति काठमाडौँको सिनामङ्गलस्थित




काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा भएको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ ।

विसं २०१९ असार ५ गते रौतहटको राजपुर फरहदवा गाविस- ४ मा जन्मनुभएका आलमले विसं २०३६ देखि नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक यात्रा प्रारम्भ गर्नुभएको थियो । राजनीतिक जीवनमा उहाँले पटकपटक मन्त्री पदको जिम्मेवारी सम्हाल्नुभएको कांगेसले जनाएको छ ।

विसं २०५३ को उपनिर्वाचन, २०५६ को आम निर्वाचन, २०६४ को संविधानसभाको निर्वाचन र २०७४ को प्रतिनिधिसभा निर्वाचनमा रौतहट क्षेत्र नं २ बाट उहाँ विजयी हुनुभएको थियो । विसं २०६७ मा सम्पन्न पार्टीको बाह्रौं महाधिवेशनमा उहाँ नेपाली कांग्रेसको केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएको थियो ।

नेपालमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका आन्दोलन र सङ्घर्षका क्रममा उहाँले पटकपटक जेल जीवन व्यतित गर्नुका साथै स्वर्गीय आलमले पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ ।

आमलको आत्माको चिर शान्तिको कामना गर्दै केन्द्रीय कार्यसमितिको आजको बैठकले एक मिनेट मौन धारण गर्ने निर्णयसमेत गरेको छ ।

बैठकले आलमको निधनमा विसं २०८२ कात्तिक २२, २३ र २४ गते (तीन दिनसम्म) पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालमा झण्डा आधा झुकाउने, २०८२ कात्तिक २३ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने छ । रासस

# आन्दोलनका क्रममा उद्योग व्यापारिक क्षेत्रमा गरिएको क्षति अस्वीकार्यः प्रधानमन्त्री कार्की

**“घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनुहुँदैन”**

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले ‘जेनजी’ आन्दोलन पृष्ठभूमिमा राज्यविहीनताको फाइदा उठाउँदै केही उच्छृ‍ृल समूहले उद्योग व्यापारिक क्षेत्रमा गरेको क्षति सरकारलाई अस्वीकार्य भएको बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घले शनिबार आयोजना गरेको ‘राष्ट्रिय आर्थिक बहस २.०’ लाई सम्बोधन गर्दै उहाँले उक्त क्षतिबाट मर्माहत भएको निजी क्षेत्रलाई तत्काल राहत दिँदै आत्मविश्वासको जगेर्ना गर्न सरकारले कुनै प्रयास बाँकी नराख्ने विश्वास दिलाउनुभयो ।

कानुनको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागिपरेको बताउनुभयो । “घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनुहुँदैन”, जेनजी आन्दोलनको सन्देश स्पष्ट पार्दै उहाँले भन्नुभयो ।

सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको जनाउँदै प्रधानमन्त्री कार्कीले राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट, निजी क्षेत्रमाथि लादिएका शङ्का र दोहनकारी सङ्कटपूर्ण प्रणालीप्रति सरकार सजग रहेको बताउनुभयो ।

“व्यवसायीका पिर, मर्का हाम्रै पिर, मर्का हुन्, उद्योगी व्यवसायीहरू केवल राज्यलाई कर मात्र तिरेका हुँदैनन्, उनीहरूले रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितताबाट




राज्यको ठूलो दायित्व पनि बहन गरिदिएका हुन्छन्”, उहाँले भन्नुभयो, “तसर्थ, उद्योग व्यवसायबिना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको मागलाई सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौँ ।”

नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्क तथा वित्तीय क्षेत्रको स्थिरताका लागि कडा कदम चालिएको जानकारी दिँदै प्रधानमन्त्रीले व्यवसाय गर्ने वातावरण सुधार गर्न नीतिगत जटिलता हटाइँदै लगिएको बताउनुभयो ।प्रधानमन्त्री कार्कीले सिङ्गो मुलुक आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीमा जुटेको उल्लेख गर्दै निर्वाचनमार्फत दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । “यहीँ नै गरी खान सकिन्छ भन्ने आशा जगाउँदै त्यसका लागि उपयुक्त वातावरण बनाउन प्रयासरत छौँ”, उहाँले भन्नुभयो ।

अर्थमन्त्री डा रामेश्वर खनालले जेनजी आन्दोलनको प्रभावबाट निजी क्षेत्रलाई पूर्ववत् अवस्थामा ल्याउन वर्तमान सरकारले पहिलो दिनदेखि नै काम थालनी गरेको स्पष्ट पार्नुभयो । “सरकारले पटकपटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ”, उहाँले भन्नुभयो, “निजी क्षेत्र मैत्री व्यवहार गर्न सरकार लागिपरेको छ ।”

कर प्रशासनका सेवालाई विकेन्द्रित गर्दै लगिएको जानकारी दिँदै उहाँले व्यवसायी जगत्लाई भरोसा जगाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । “व्यवसायीलाई कुनै पनि दुःख नदिईकन सेवा दिन सरकार तत्पर छ”, उहाँले भन्नुभयो ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आमनागरिकको अभिभावकका रूपमा काम गरिरहेको वर्तमान सरकारले निजी क्षेत्रको सरोकार सम्बोधन गर्ने बताउनुभयो । “मुलुक अहिले कानुनी राज्यका रुपमा अघि बढिरहेको छ, सरकारले कानुनी राज्यको सरकारले गर्छ”, उहाँले भन्नुभयो, “अर्थतन्त्रको आधारशीला बलियो बनाउनुपर्छ, यसका अङ्गलाई सुरक्षा दिनुपर्छ, यही काम सरकारले गरिरहेको छ ।”

अर्थतन्त्रको जगेर्ना गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको उल्लेख गर्दै गृहमन्त्रीले सरकार र निजी क्षेत्रले मुलुकको समृद्धिमा हातेमालो गर्नुपर्ने बताउनुभयो । “जेनजी आन्दोलनका घुसपैठ भयो, आपराधिक तत्वले क्षति गरे, तर त्यसलाई राज्यले सम्बोधन गरेको छ”, उहाँले भन्नुभयो, “३८० जना पक्राउ परेका छन्, १५० जनामाथि मुद्दा चलेको छ, सरकारले उद्योगी, व्यवसायीलाई पूर्ण सुरक्षा दिन्छ ।”

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले औद्योगिक वातावरण प्रवर्द्धनका लागि बाधक बनेको कानुनी व्यवस्था परिमार्जनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो । उद्योगीलाई सहजीकरण गर्न मन्त्रालय प्रयासरत रहेको जानकारी दिँदै उहाँले अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकता दिइने स्पष्ट पार्नुभयो ।
मुख्यसचिव एकनारायण अर्यालले स्वदेशमा रोजगारी सिर्जना गरेर काम खोजीमा वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता अन्य गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेलले उच्च मनोबलका साथ निर्धक्क भएर व्यावसायिक क्रियाकलाप अघि बढाउन निजी क्षेत्रलाई आग्रह गर्नुभयो । “उच्च मनोबलका साथ काम गर्नुस् । एउटा दुर्घटनाजस्तो भयो । त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईंहरुले सकारात्मक रुपमा लिएर यसलाई सदुपयोग गर्नुहोला”, उहाँले भन्नुभयो ।

सो अवसरमा निजी क्षेत्रका प्रतिनिधिहरुले उद्योगी-व्यवसायीलाई निर्धक्क भएर व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने, ऐन कानुनलाई व्यवसायीमैत्री बनाउनुपर्ने, सेवा प्रवाहलाई सरलीकृत गर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

# नेपालको जलवायु प्रतिबद्धता, साझा सहकार्य र तत्कालीन कार्यको आह्वान

काठमाण्डु । नेपालले जलवायु परिवर्तनका सम्बन्धमा विश्वसामु साझा सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि तत्कालीन कार्यको आह्वान गरेको छ ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) पूर्वसन्ध्यामा यही कात्तिक २० र २१ गते भएको ‘लिडर समिट’मा नेपालले सो आह्वान गरेको हो । वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले नेपालको तर्फबाट वक्तव्य दिँदै नेपालले प्रकृतिमैत्री प्रणाली र वातावरणीय संरक्षणलाई सधैँ प्राथमिकतामा राखेको उल्लेख गर्नुभएको राससलाई जानकारी दिनुभयो ।

“हाम्रो ४६ प्रतिशत भूभाग वनले ढाकिएको छ, जुन स्थानीय समुदाय र आदिवासी जनजातिको सक्रिय सहकार्यमा सुरक्षित गरिएको छ”, उहाँले भन्नुभयो, “सगरमाथा र हिमालय हाम्रो पहिचान मात्र होइन, अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत हुन् । यस कारण नेपाल विश्व जलवायु प्रणाली सन्तुलनमा महत्त्वपूर्ण योगदानकर्ता हो ।”

सचिव डा मिश्रले नेपालको कार्बन उत्सर्जन अत्यन्त न्यून भए




पनि बलियो नीति र कार्यमार्फत अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै भन्नुभयो, “हाम्रो एनडिसी ३.० र एनएपीले पेरिस सम्झौताप्रतिको प्रतिबद्धता झल्काउँछन् । हामी जीवाष्म इन्धनको चरणबद्ध अन्त्य गर्दै विद्युतीय सवारी र स्वच्छ ऊर्जातर्फ तीव्र रूपान्तरणमा छौँ ।”

**सगरमाथा संवाद र साझा दृष्टिकोण**

सचिव डा मिश्रले यस वर्ष काठमाडौँमा सम्पन्न सगरमाथा संवादको स्मरण गर्दै सगरमाथा संवादले बहुपक्षीयता सुदृढ गर्ने र तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको अवगत गराउनुभयो ।

यी प्रयासहरूका बाबजुत नेपालमा जलवायु सङ्कट तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले यस वर्ष मात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराउनुभयो ।उहाँले पेरिस सम्झौताले परिणाम दिन थालेको तर आवश्यक गति र परिमाण भने अपेक्षानुसार नभएको उल्लेख गर्दै कमजोर देशका लागि वित्त र प्रविधिको पहुँच अझै जटिल र महँगो भएकाले यसलाई सहज र सबैका लागि सुलभ बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपालले यस सम्मेलनबाट १.५ डिग्री सेल्सियस तापक्रम लक्ष्यलाई मार्गमा राख्ने रोडम्याप कार्यान्वयन, ‘बाकु-बेलेम रोडम्याप’अन्तर्गत १.३ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु वित्त जुटाउने लक्ष्य पूरा, अनुकूलन कोषमा तीन गुणा वृद्धि र हानिनोक्सानीलाई पूर्ण रूपमा कार्यान्वयन गरी कमजोर देशहरूले सो कोषमा प्रत्यक्ष र सरल पहुँच पाउने व्यवस्थाको अपेक्षा गरेको उहाँले बताउनुभयो ।

“हामीसँग अब ढिलाइ गर्ने समय छैन । नेपाल विश्वव्यापी पहलहरूसँग कदम मिलाएर यो आपतकालीन अवस्थालाई सम्बोधन गर्न प्रतिबद्ध छ”, सचिव डा मिश्रले भन्नुभयो, “आउनुहोस्, हाम्रो जनता, उनीहरूको जीविका र हाम्रो पृथ्वीको सुरक्षाका लागि अब मिलेर कार्य गरौँ ।” कोप-३० मुख्य सम्मेलन यही नोभेम्बर १० देखि २१ तारिख (यही कात्तिक २४ देखि मङ्सिर ५ गतेसम्म) सम्म आयोजना हुँदैछ ।

यसअघिका सम्मेलनमा उद्घाटनको पहिलो र दोस्रो दिन उच्चस्तरीय राजनीतिक नेतृत्वलाई आमन्त्रण गरी उच्चस्तरीय सत्र गरिन्थ्यो । कोप-३० मा भने सम्मेलनको तीन दिनअगाडि नै उच्चतस्तरीय सत्र आयोजना गरीएको छ । रासस

# पत्रकार सापकोटाको ‘ज्ञानिका’ लोकार्पण

काठमाण्डु । पत्रकार एवं लेखक ददि सापकोटाको सिर्जना कर्मनायकका सपना, सङ्घर्ष र संरक्षणका कथासम्बन्धी विषयवस्तु समेटिएको ‘ज्ञानिका’ कृति लोकार्पण गरिएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा शनिबार आयोजित कार्यक्रममा पुस्तकमा समेटिएका विभिन्न शीर्षकका लेखकले सामूहिक रूपमा कृति विमोचन गर्नुभयो । गैरआख्यान ‘ज्ञानिका’मा नेपाली प्रकृति, संस्कृति, वन्यजन्तु संरक्षण र विज्ञानको क्षेत्रमा सिङ्गो जीवन अर्पण गरेका साहसी अनि कर्मशील व्यक्तित्वको कर्म र गाथा समेटिएको छ ।

पर्यटन क्षेत्रबाट पेसा सुरु गर्नुभएका सापकोटा वातावरण, प्रकृति र जीवजन्तुका विषयमा निरन्तर कलम चलाउँदै आउनुभएको छ । नेपालका हिमनदी, हिमताल, अनकन्टार डाँडाकाँडा, गड्गडाउँदै बग्ने नदी, गैँडाको ढरढर र हात्तीको हुँकारसम्बन्धी विषयवस्तुको जानकारी पुस्तक अध्ययनबाट प्राप्त हुने लेखकको भनाइ छ । देशका प्रकृति, संस्कृति र वन्यजन्तु संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने २१ जना लेखकद्वारा लिखित नेपालका हिमनदी र बाढीको बदलिँदो अनुहार, अविश्वासिलो जीवसँग तीन दशक, पहाडदेखि मैदानसम्म, प्रकृतिको आश्चर्य, नेपाली जडीबुटी र आयुर्वेदको चमत्कार शीर्षकका लेख समावेश छन् ।




पुस्तकमा प्रण र वंश रक्षामा वनस्पतिको सङ्घर्ष, विश्वलाई सामुदायिक वनको ढाँचा, सिकारमार्फत वन्यजन्तु संरक्षण र पर्यटनको अवसर, प्रदूषणमुक्त नेपालको बाटो, माटोको खान्की र स्वास्थ्य मानव, बाँदरसँग संवाद, उसैसँग प्रेम, वन्यजन्तु संरक्षण र पीडाको कथा, विश्वव्यापी पर्यटन दौडको मानचित्रमा नेपाल, शक्तिशाली नदी र चुनौतीपूर्ण भूभागमा प्रवासी माछा, सिकारीसँग लडाइँ, बाघसित भेटैभेट, आँखैअघि खतरा शीर्षकका लेख छन् ।

फाइनप्रिन्ट प्रालिले बजारमा ल्याएको ३८८ पृष्ठको उक्त पुस्तक सापकोटाको छैटौँ हुनेछ । रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

### जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।०७।२३

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|
| 1. | 28/09/2025 | MIHS/NCB/WORKS/2082-083/3, The Construction Of Manimandapma Anatomy Prayogshala Bhawanko Nirman | Birdhi Construction And Consultancy Pvt. Ltd Kabilasi-10, Sarlahi | 64,79,044.07 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)



## मटिहानी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### घिरापुर, महोतरी

### मधेश प्रदेश

### जग्गा लिलामीको ३५ (पैतिस) दिने सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८२/०७/२३ गते)

यस नगरपालिका अन्तर्गत मटिहानी बाजार ठेक्कावापत कबोल गरेको रकम पटक पटक तर-ताकेता गर्दा नगरपालिकाको राजश्व रकम चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा तपसिलमा उल्लेखित ठेकेदारलाई यो अन्तिम मौका समावेश गर्नका लागि दिइने ३५ दिने सूचनाको म्याद समेत आजकै मितिवाट प्रारम्भ हुनेछ । नगरपालिकाले आफ्नो अधिकार प्रयोग गरी लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाक बढाबढ गरी लिन चाहने इच्छुक महानुभावहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३६ औं दिन (अथार्त मिति २०८२/०८/२९ गते) उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगतै कार्यालय खुलेको दिनको विहान ११:०० बजे यस कार्यालयमा उपस्थित भई आफैले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नुहुन् यसै सूचनाद्वारा आहान गरिन्छ ।

लिलाम बढाबढमा सवभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम मटिहानी नगरपालिका कार्यालयको नाममा रहेको मटिहानी नगरपालिका, धिरापुर मटिहानी स्थित माछापुच्छे बैंक लि.मा रहेको धरौटी खाता नं. ग-३ ०६०००६०८६९३०००४१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । बोलकबोल स्वीकृत रकम सूचना दिएको ३४ दिन भित्रमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी रकम जफत हुनेछ । लिलामी स्वीकार वा अस्वीकार गर्ने, लिलामी सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

**तपसिल**

| जग्गाधनीको नाम | जिल्ला | साविक गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| राम कैलाश यादव मटिहानी न.पा.-०३ | महोत्तरी | धिरापुर | ६क | ४२४ | ०-१-१५ | |

**सरक्षणको विवरण**: मटिहानी न.पा.-३ मा बस्ने चौबे यादवको नाती श्याम यादवको छोरा राम कैलाश यादव नाउँमा भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको ।

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वासित स्पेनी राजाको संस्मरणले फ्रान्कोबारे नयाँ बहस चर्कायो

एएफपी

मेड्रिड । निर्वासित स्पेनका पूर्व राजा जुआन कार्लोसको नयाँ संस्मरण सार्वजनिक भएपछि स्पेनमा उहाँको राजनीतिक विरासत र दिवङ्गत तानाशाह जनरल फ्रान्सिस्को फ्रान्कोसँगको सम्बन्धबारे व्यापक बहस सुरु भएको छ ।

यो पुस्तकको प्रकाशन सन् १९७५ नोभेम्बर २० मा फ्रान्कोको निधनको ५०औँ वार्षिकोत्सवसँग मेल खान्छ । दुई दिनपछि अर्थात् नोभेम्बर २२ मा जुआन कार्लोस स्पेनका राजाका रूपमा घोषणा हुनुभएको थियो ।



संस्मरणमा ८७ वर्षीय पूर्व राजाले स्पेनलाई लोकतन्त्रमा रूपान्तरण गर्ने भूमिकादेखि पारिवारिक तनाव र साउदी अरेबियाबाट लाखौँ युरो लिने गल्ती स्वीकार गर्नुभएको विषयसम्मका प्रसङ्ग समेटिएका छन् ।फ्रान्सेली लेखिका लरेन्स डेब्रेसँग सह-लेखन गरिएको ५०० पृष्ठको यो जीवनी 'रिकन्सिलिएशन' बुधबार फ्रान्सेली भाषामा प्रकाशित भएको हो । डिसेम्बर ३ मा यसको स्पेनी संस्करण सार्वजनिक हुने तयारी छ ।

**फ्रान्कोप्रति 'आदर र सम्मान'**

पुस्तकको सबैभन्दा विवादास्पद अंशहरूमा जुआन कार्लोसले तानाशाह फ्रान्कोबारे उल्लेख गरेका टिप्पणीहरू हुन् । उहाँले फ्रान्कोप्रति आफूले 'ठूलो सम्मान' राख्ने गरेको र उहाँलाई 'कहिलेकाहीँ कोमल र परोपकारी' व्यक्ति ठान्ने गरेको लेख्नुभएको छ ।

फ्रान्कोले जुआन कार्लोसलाई १० वर्षको उमेरमा निर्वासनबाट स्पेन फर्काएर आफ्नो उत्तराधिकारीका रूपमा हुर्काउनुभएको थियो । "मैले उहाँको राजनीतिक बुद्धिमत्ता र नेतृत्व क्षमताको प्रशंसा गरेँ । मैले कसैलाई पनि मेरो सामु उहाँको आलोचना गर्न अनुमति दिइनँ", उहाँले संस्मरणमा लेख्नुभएको छ ।संस्कृति मन्त्री अर्नेस्ट उर्टासुनले ती टिप्पणीको तीव्र निन्दा गर्दै भन्नुभयो, "आजको समयमा कसैले तानाशाहको बचाउ गर्नु वा उहाँको कार्यलाई औचित्य दिन खोज्नु अत्यन्तै खेदजनक कुरा हो ।"

**लोकतन्त्रतर्फको सङ्क्रमण र आलोचना**

सन् १९७५ मा फ्रान्कोको मृत्युपछि स्पेनलाई लोकतन्त्रको दिशामा लैजाने श्रेय जुआन कार्लोसलाई नै दिइन्छ । उहाँले संवैधानिक राजतन्त्रलाई स्वीकार्दै संसदीय प्रणालीको समर्थन गरेर फ्रान्कोका अनुयायीहरूलाई निराश पार्नुभएको थियो ।

तर, राजतन्त्रको विरोध गर्ने वामपन्थी पार्टी सुमारका नेता उर्टासुनले भन्नुभयो, "लोकतन्त्र त ती हजारौँ नागरिकहरूले स्थापना गरेका थिए जसले यातना सहे, जेल बसे र आफ्नो जीवनसम्म बलिदान गरे ।"पूर्व प्रधानमन्त्री जोसे लुइस रोड्रिगेज जापाटेरोले पनि राजाले फ्रान्कोबारेका टिप्पणीहरू 'नरम पार्नु पर्ने' बताउनुभएको छ । उहाँका अनुसार फ्रान्कोको शासन यातना, मृत्युदण्ड र कठोर सेन्सरसिपमा आधारित थियो ।

**राजाको स्व-निर्वासन र मौनता**

सन् २०१४ मा छोरा राजा फेलिप छैटौँका पक्षमा गद्दी त्यागेपछि जुआन कार्लोस सन् २०२० देखि संयुक्त अरब इमिरेट्समा स्व-निर्वासनमा बस्दै आउनुभएको छ । उहाँले नोभेम्बर २१ मा राजाका रूपमा घोषणाको ५०औँ वार्षिकोत्सव मनाउने औपचारिक कार्यक्रममा भाग नलिने निर्णय गर्नुभएको छ ।

शाही परिवारले यसबारे टिप्पणी गर्न अस्वीकार गर्दै यो कदम जुआन कार्लोसको 'अवकासपछिको जीवनशैलीसँग सुसङ्गत' भएको जनाएको छ ।

**बढाइचढाइ गरिएको जीवनी**

म्याड्रिडको कम्प्लुटेन्स विश्वविद्यालयका इतिहासविद् डेभिड सान नार्सिसो मार्टिनका अनुसार यो पुस्तक 'राजालाई पुनः सार्वजनिक आवाज दिने प्रयास' हो । उहाँले भन्नुभयो, "फ्रान्कोको चित्रणमा राजाले अत्यन्तै व्यक्तिगत व्याख्या प्रस्तुत गर्नुभएको छ, जुन इतिहाससँग मेल नखान सक्छ ।" उहाँका अनुसार राजाले फ्रान्कोले स्पेनमा लोकतन्त्र ल्याउने योजना गर्नुभएको थियो भन्ने भ्रम फैलाउन खोज्नुभएको छ, जुन ऐतिहासिक दृष्टिले गलत छ ।

स्पेनी लेखिका लुज सान्चेज-मेलाडोले दैनिक एल पाइसमा पुस्तकलाई 'बढाइँचढाइँ गरिएको जीवनी' भन्दै लेख्नुभएको छ । उहाँका अनुसार यो पुस्तकले जुआन कार्लोसलाई 'आफ्नो हरेक इच्छालाई कानूनका रूपमा प्रयोग गरेको, तर अहिले कोही पनि आफ्नो आदेश नमान्दा अचम्म मान्ने राजा' का रूपमा चित्रण गर्छ ।

सन् २०१२ मा आर्थिक सङ्कटको बीचमा उहाँ बोत्सवानामा विलासी हात्ती सिकार यात्रामा गएको खुलासा भएपछि जुआन कार्लोसविरुद्ध जनमत तीव्र रूपमा फेरिएको थियो । त्यसयता उहाँमाथि वित्तीय घोटाला र विवाहेतर सम्बन्धका आरोपहरू पनि लागेका छन् ।

स्पेनी संस्करण अझ सार्वजनिक नहुँदै पनि यो पुस्तक कासा डेल लिब्रो पुस्तक पसल सञ्जालमा सबैभन्दा धेरै बिक्री हुने गैर-काल्पनिक शीर्षक बनेको छ ।पुस्तकमा राजाले लेख्नुभएको छ, "म अन्ततः मेरो कथा लेख्ने निर्णयमा पुगेँ, किनकि मेरो कथा मबाट चोरी भइरहेको थियो । मेरा पिताले मलाई यस्तो कहिल्यै नगर्न चेतावनी दिनुभएको थियो ।"

# भारतलाई विशाल अन्तरले हराएका नेपाल साउथ अफ्रिका र श्रीलंकासंग पराजित



काठमाण्डु । हङकङमा जारी हङकङ इन्टरनेशनल सिक्सेस प्रतियोगिताअन्तर्गत शनिबार नेपालले भारतलाई ९२ रनले पराजित गरेको छ । जारी प्रतियोगितामा यो नेपालको पहिलो जित हो ।

जितका लागि नेपालले दिएको १३८ रनको लक्ष्य पछ्याएको भारत तीन ओभरमा अलआउट हुँदै ४५ रनमा समेटियो । उसका लागि भरत चिप्ली र प्रियांक पञ्चालले १२/१२ रन बनाए भने रोविन उथप्पाले पाँच तथा दिनेश कार्तिक र सहबाज नदिमले समान सात/सात रन बनाए ।

नेपालका लागि रसिद खानले तीन विकेट लिए भने रुपेश सिंह र बसिर अहमदले समान दुई/दुई विकेट लिए ।पहिले ब्याटिङ गरेको नेपालले निर्धारित छओभरमा कुनै पनि विकेट नगुमाइ १३७ रन बनाएको थियो । नेपालका लागि रसिद खानले ५५ रनको योगदान दिए भने सन्दीप जोराले ४७ र लोकश बमले ३१ रन बनाए ।

यसअघि हङकङमा जारी हङकङ सिक्सेस प्रतियोगिताअन्तर्गत नेपाल श्रीलङ्कासँग तीन विकेट पराजित भएको छ । यससँग प्रतियोगितामा नेपालले लगातार तेस्रो हार बेहोरेको छ । त्यस्तै शुक्रबार भएको खेलमा नेपाल अफगानिस्तानसँग पराजित भएको थियो ।

शनिबार टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित छ ओभरमा चार विकेट गुमाउँदै ८६ रन बनायो । नेपालका लागि ओपनरद्धय सन्दीप जोराले ३९ र लोकेश बमले अबिजित ३१ रन बनाए ।

श्रीलंकाका लागि थरिन्दु रत्नायकेले दुई विकेट लिए भने लाहिरु समरकुन र लहिरु मदुशन्काले समान एक-एक विकेट लिए । सतासी रनको लक्ष्य श्रीलङ्काले ५.३ ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्यो । उसका लागि धनञ्जय लक्षणले अविजित ३६ रन बनाए भने निमेश विमुखीले अविजित ३३ रन बनाए ।नेपालको लागि रुपेश सिंहले दुई विकेट लिए भए भने लोकेश बमले एक विकेट लिए । त्यस्तै हङकङमा जारी हङकङ सिक्सेस क्रिकेट प्रतियोगितामा नेपाल दक्षिण अफ्रिकासँग ४ विकेटले पराजित भएको छ। जितको लागि नेपालले दिएको ५९ रनको लक्ष्य पछाएको दक्षिण अफ्रिकाले ३.४ ओभरमा २ विकेट गुमाएर पूरा गऱ्यो । उसका लागि ब्लेक सिम्पसनले सर्वाधिक अविजित ३० रन बनाए । यता नेपालका लागि लोकेश बमले २ विकेट लिए ।त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाल ३.३ ओभरमा ५८ रनमा अलआउट भएको थियो । नेपालका लागि राशिद खानले सर्वाधिक १६ रन बनाए । लोकेश बमले १४ तथा आदिल आलमले १३ रन बनाए ।

दक्षिण अफ्रिकाका अब्दुल्लाह बायोमी, ब्लेक सिम्पसन र जोरिक भान साकवायकले समान २-२ विकेट लिए । यससँगै नेपालले प्रतियोगितामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि नेपाल पहिलो खेलमा अफगानिस्तानसँग पराजित भएको थियो ।

# अमेरिकी एयरलाइन्सले एक हजार उडान रद्द गऱ्यो, सरकारी बन्दको असर बढ्दै

एपी

वासिङ्टन । अमेरिकी सङ्घीय सरकारको बन्द (शटडाउन) का कारण जारी आर्थिक सङ्कटबीच देशभरका एयरलाइन्सहरूले शुक्रबार करिब एक हजार उडान रद्द गरेका छन् । यद्यपि अधिकांश तालिकाहरू सामान्य रहे पनि यात्रुहरू अझै पनि असहज अवस्थामा परेका छन् ।



सङ्घीय उड्डयन प्रशासन (एफएए) ले हवाई यातायात नियन्त्रकहरूमा अत्यधिक कार्यभार र तलब नपाएका कारण उत्पन्न तनाव कम गर्न व्यस्त विमानस्थलहरूमा सेवा घटाउने आदेश जारी गरेको छ। यसका कारण एटलान्टा, डलास, डेनभर, शार्लोटलगायत देशका प्रमुख विमानस्थलहरूमा लामो सुरक्षा लाइन र अन्तिम क्षणका उडान रद्दहरू देखिएका छन् ।

एफएएको आदेशअनुसार हाल करिब चार प्रतिशत उडानहरू कटौती गरिएका छन् । यसको दर आगामी सातामा १० प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ। यातायातमन्त्री सिन डफीका अनुसार यदि सरकारी बन्द लामो समयसम्म रह्यो भने यो दर १५ देखि २० प्रतिशतसम्म बढ्न सक्ने सम्भावना छ।

**यात्रुहरू असहज, उडान पुनः बुकिङको हतारो**

ह्युस्टनको जर्ज बुश इन्टरकन्टिनेन्टल विमानस्थलमा यात्रुहरू बिहानैदेखि लामो लाइनमा उभिन बाध्य भए। कतिपयले कुर्दा-कुर्दै कुर्सीमा सुत्नुपरेको अनुभव सुनाए । एटलान्टामा पुगेकी कारा बर्गेरोनले भन्नुभयो, "लाइनहरू लगातार सर्दै थिए, यस्तो भीड मैले पहिले कहिल्यै देखेकी थिइनँ ।"
केही यात्रुलाई भने अझ कठिनाइ भयो । कनेक्टिकटकी चिकित्सक करेन सोइकाको उडान न्युजर्सीको नेवार्कबाट रद्द भएपछि उहाँलाई न्युयोर्कको जोन एफ. केनेडी विमानस्थल पुग्नुपर्ने अवस्था आयो। उहाँले उटाह जाने योजनाका लागि कार भाडामा लिन खोज्नुभयो तर उपलब्ध भएन । अन्ततः उहाँले 'क्रस-कन्ट्री ट्रक चलाएर जानुपर्ने' बताउनुभयो ।भाडाका कार कम्पनीहरूले पनि एकतर्फी यात्राको माग तीव्र रूपमा बढेको जनाएका छन् ।

**एयरलाइन्सको प्रतिक्रिया र उडान कटौतीको अवस्था**

उडान टङ्याकिङ वेबसाइट फ्लाइटअवेयर का अनुसार शुक्रबार मात्रै एक हजारभन्दा बढी उडानहरू रद्द भएका थिए । यो बिहीबारको तुलनामा पाँच गुणा बढी हो । वासिङ्टनस्थित रेगन राष्ट्रिय विमानस्थल सबैभन्दा बढी प्रभावित रह्यो । यहाँ १८ प्रतिशत उडान अर्थात करिब ८० भन्दा बढी रद्द गरिए ।

डेल्टा एयरलाइन्सले शुक्रबार १७० उडान स्थगित गरेको बताएको छ भने अमेरिकन एयरलाइन्सले सोमबारसम्म दैनिक २२० उडान कटौती गर्ने योजना बनाएको छ । साउथवेस्ट एयरलाइन्सले पनि करिब १२० उडान रद्द गरेको छ । युनाइटेड र अमेरिकन दुवैले प्रभावित यात्रुहरूलाई पुनः बुक गर्न सक्रिय प्रयास भइरहेको बताएका छन्।

**राजनीतिक गतिरोध र दीर्घकालीन जोखिम**

ट्रम्प प्रशासनले डेमोक्रेट सांसदहरूलाई सरकारी बन्द अन्त्य गर्न दबाब दिँदै गर्दा एफएएको आदेश आएको हो । नियन्त्रकहरूलाई महिनाभर तलब नदिइँदा उनीहरूमा आर्थिक र मानसिक दबाब बढेको एफएएको भनाइ छ ।यातायातमन्त्री डफीले भन्नुभयो, "हामी ढिलाइ वा अवरोध देख्न चाहन्नौँ, तर जबसम्म सुरक्षा मापदण्ड सुधार हुँदैन, उडान कटौती आवश्यक छ।"

विश्लेषकहरूका अनुसार लामो समयसम्मको बन्दले अमेरिकी हवाई ढुवानी प्रणालीमा गम्भीर असर पार्न सक्छ। अमेरिकी हवाई मालसामानको करिब आधा हिस्सा यात्रु विमानमार्फत ढुवानी हुने भएकाले ढिलाइले आपूर्ति शृ‌ लामा पनि प्रभाव पार्नेछ।एलिभेट एभियसन ग्रुपका प्रमुख ग्रेग राइफलले भन्नुभयो, "हवाई यातायात अमेरिकी अर्थतन्त्रको मेरुदण्ड हो। यो बन्दले व्यापारिक बैठकदेखि लिएर पर्यटकहरूको यात्रा, सबै क्षेत्रमा असर पार्नेछ।"

**यात्रुहरूका लागि सल्लाह**

सरकारको निर्देशन अनुसार ढिलाइ आफूहरूको नियन्त्रणभित्रको कारणले नभएसम्म एयरलाइन्सहरूले रद्द भएका उडानका टिकट फिर्ता गर्नुपर्छ तर खाना र आवास खर्च वहन गर्नुपर्ने छैन। यात्रा सल्लाहकार क्रिस्टिना श्लेगलले भन्नुभयो, "आतङ्कित नहुनुहोस्, आफ्नो उडानको स्थिति निरन्तर जाँच गर्नुहोस् र वैकल्पिक मार्गको जानकारी तयार राख्नुहोस् ।"यदि सरकारी बन्द छिट्टै अन्त्य भएन भने आगामी बिदाहरूअघि हवाई यात्रा अझ अव्यवस्थित र महँगो बन्ने विश्लेषकहरूले चेतावनी दिएका छन् ।

# देउतालाई 'चढाइएका' किशोरीहरू जो यौन शोषणमा पर्छन्

वीवीसी

काठमाण्डु । "यौनकर्मले मलाई धेरै असर गरेको छ। मेरी शरीर कमजोर छ अनि मानसिक रूपमा छिन्नभिन्न छु," चन्द्रिकाले भनिन्।एक यौनकर्मीको रूपमा चन्द्रिकाको जीवन एउटा धार्मिक कार्यबाट आरम्भ भएको थियो। पन्ध्र वर्षको उमेरमा उनलाई मन्दिर लगियो र देवीसँग विवाह गराइयो। "त्यतिखेर मलाई यो रीतिको अर्थ थाहा थिएन," उनले बीबीसीलाई भनिन्।



अहिले चन्द्रिका ३० वर्ष कटिसकिन्। उनले पैसाका निम्ति यौनसम्बन्ध राख्न थालेको पनि दुई दशक बितिसक्यो। दक्षिण भारतीय राज्य कर्नाटकमा चन्द्रिकाजस्तै देवदासी प्रथा अँगालेपछि यौनकर्मी बन्न बाध्य महिलाहरूको पहिचान गर्न सर्वेक्षण हुन लागेको छादेवदासीको प्रथा दक्षिण भारतमा १,००० वर्षभन्दा पहिलेदेखि चल्दै आएको हो। सुरुमा तिनले मन्दिरमा नाचगान गर्ने कलाकारको काम गर्थे। तर पछि त्यो परम्पराबाट वेश्यावृत्तिलाई जन्म दियो। ब्रिटिश औपनिवेशिक कालमै भारतका विभिन्न भागमा यो प्रथामाथि प्रतिबन्ध लगाइएको थियो। कर्नाटकमा चाहिँ सन् १९८२ मा यो प्रजा वर्जित गरियो तर हालसम्म पनि व्यवहारमा चल्दै आएको छ।

गाउँमा बस्ने देवदासीहरूको कोही निकट साथी वा अन्य ग्राहक हुन्छन् भने कैयौँ चाहिँ मुम्बईजस्तो सहर गएर वेश्यालयमा काम गर्छन्। कर्नाटकको नगर बेलगाममा देवदासी बनाइएकी चन्द्रिका त्यसपछि आफ्नै घर आइन् र चार वर्षसम्म सामान्य जीवनयापन गरिन्। त्यसपछि उनकी एक महिला आफन्तले घरेलु कामदारको जागिर दिलाउने भन्दै उनलाई औद्योगिक नगर साङ्ली लगिन्। त्यहाँ चन्द्रिकालाई वेश्यालयमा पुऱ्याइयो।"सुरुका केही महिनाहरू अत्यन्त कठिन थिए। म बिरामी परेँ। खान वा सुत्न सकिनँ," चन्द्रिका सम्झन्छिन्। "त्यहाँबाट भाग्नेबारे सोचिरहन्थेँ तर पछि बिस्तारै मैले परिस्थितिलाई स्वीकार गरेँ।"

जम्मा १९ वर्षकी चन्द्रिका एकदमै कम शिक्षित थिइन् अनि साङ्गलीमा बोलिने हिन्दी वा मराठी भाषा पनि बुझ्दिनथिइन्। "कोही ग्राहकले मलाई शारीरिक हमला गरे, कोहीले दुर्वचन लगाए। मलाई एकदम गाह्रो भयो," उनले भनिन्।त्यहाँ आउने ग्राहकहरूमा कलेजका विद्यार्थीदेखि लिएर ड्राइभर, वकिल तथा ज्यालादारी श्रमिकहरू हुन्थे।साङ्गलीमा रहँदा चन्द्रिकाले उनको साथी भेटिन् - एक ट्रक ड्राइभर। उनीहरूको एउटा छोरा र एउटा छोरी भए। चन्द्रिका वेश्यालयमै काम गर्थिन् भने छोराछोरीको रेखदेख तिनका पिताले गर्थे। त्यहाँ चन्द्रिकाले दैनिक १० देखि १५ ग्राहकलाई सेवा दिनुपर्थ्यो।

दोस्रो सन्तान जन्मिएको केही वर्षपछि उनका साथी सडक दुर्घटनामा बित्छन्। अनि उनी बेलगाम फर्किन्छिन्। त्यहाँ उनले अनुवादकमार्फत् बीबीसीसँग कुरा गरिन्। सबै देवदासी वेश्यालयमा काम गर्दैनन्। अनि सबै यौनकर्मी पनि हुँदैनन्।तेइस वर्षीया अङ्किता र शिल्पा नातेदार हुन्। उनीहरू उत्तरी कर्नाटकको गाउँमा बस्छन्। चन्द्रिकाजस्तै उनीहरूपनि दलित भनिने समुदायका सदस्य हुन्।शिल्पाले स्कूलमा एक वर्षमात्रै पढिन्। सन् २०२२ मा उनी देवदासी बनिन्। अङ्किताले चाहिँ १५ वर्षको उमेरसम्म पढिन् र सन् २०२३ मा उनी पनि देवदासी बनिन्। दाजुको मृत्युपछि उनलाई देवदासी बन्न दबाव आएको थियो।

"मेरा आमाबुबाले मलाई देवीकहाँ अर्पण गर्न चाहे। मैले मानिनँ। एक हप्तापछि उनीहरूले मलाई खान दिनै छाडे," अङ्किताले भनिन्। "मलाई ननिको लाग्यो। परिवारका निम्ति मैले स्वीकार गरेँ। दुलहीजस्तो लुगा लगाएर मेरो देवीसँग बिहे गराइयो।"अङ्किताले सेता मोती र रातो पोते भएको माला देखाइन्। त्यो देवीसँग बिहे गरेको सङ्केत हो।उनकी आमा वा हजुरआमा देवदासी थिएनन्। परिवारको सानो टुक्रा जमिन थियो जसले उनीहरूलाई खान पुग्दैन थियो। "कोही पनि अर्पण गरिएन भने देवीले सराप्छिन् भन्ने डर थियो।"देवदासीहरूले बिहे गर्न पाउँदैनन् तर अर्कै महिलासँग कानुनी रूपमा विवाहित कुनै पुरुषसँग निकट सम्बन्धमा बस्न सक्छन्।

अङ्किताले उनीसँग सम्बन्धमा बस्न चाहने सबै पुरुषहरूको प्रस्ताव अस्वीकार गरिन्। उनी कृषि मजदूर हुन् र दिनको करिब ५०-६० रुपैयाँ कमाउँछिन्। शिल्पाको जीवनले भने बेग्लै मोड लियो। देवदासी बनेलगत्तै उनले एक प्रवासी श्रमिकसँग सम्बन्ध गाँसिन्।"म देवदासी भएको थाहा पाएर ऊ मेरो समक्ष आएको थियो," उनले भनिन्।कैयौँ देवदासी महिलाजस्तै शिल्पा आफ्नै घरमा उक्त पुरुषसँग बसिन्। "ऊ मसँग केवल केही महिना बस्यो र मलाई गर्भवती बनायो। उसले मलाई करिब ५,००० रुपैयाँ दियो। म गर्भवती भएको विषयमा उसले कुनै प्रतिक्रिया जनाएन। एकदिन अचानक गायब भयो।"

त्यतिखेर शिल्पा तीन महिनाकी गर्भवती थिइन् र रनभुल्ल भएकी थिइन्। "मैले उसलाई फोन गर्न खोजेँ तर लागेन। ऊ कहाँबाट आएको थियो भन्ने पनि थाहा थिएन।"उसलाई खोज्न प्रहरीकहाँ उनी गइनन्।"हाम्रोतिर पुरुष हामीसँग बिहे गर्न आउँदैनन्," उनले भनिन्। डा एम भाग्यलक्ष्मी स्थानीय गैरसरकारी संस्था सखी ट्रस्टकी निर्देशक हुन्। उनले गत दुई दशकदेखि देवदासीहरूसँग काम गर्दै आएकी छन्। प्रतिबन्धित भए पनि देवदासी प्रथा चलिरहेको उनले बताइन्।

"हरेक वर्ष हामी तीनदेखि चार किशोरीलाई देवदासी बन्नबाट रोक्छौँ। तर अधिकांश यस्ता धार्मिक गतिविधि गोप्य रूपमा गरिन्छन्। कुनै किशोरी गर्भवती भइन् वा बच्चा पाइन् भने मात्र हामीले थाहा पाउँछौँ।"कैयौँ महिलाहरूले आधारभूत सेवा नपाउने, उचित खानपान तथा शिक्षा नपाउने अनि सहयोग माग्न पनि डराउने डा भाग्यलक्ष्मीले बताइन्।"हामीले विजयनगर जिल्लामा १०,००० देवदासीको सर्वेक्षण गऱ्यौँ। मैले कैयौँ दृष्टिहीन तथा अपाङ्गता भएका अनि जोखिममा परेका महिलाहरू यो प्रथामा धकेलिएको देखेकी छु। लगभग ७० प्रतिशतसँग त बस्ने बास पनि छैन," उनले बीबीसीलाई भनिन्। भिड

देवदासीका निकट साथीहरूले प्रायः कन्डम लगाउन मान्दैनन्। परिणामस्वरूप उनीहरू नचाहेको गर्भ बोक्न पुग्छन् वा एचआईभीजस्तो रोगको जोखिममा पर्छन्।

डा भाग्यलक्ष्मीको अनुमानमा देवदासीमध्ये ९५ प्रतिशतजति दलित समुदायका छन् भने बाँकी विभिन्न जनजाति समुदायका छन्।विगतमा जस्तो अचेल तिनलाई मन्दिरले कुनै आम्दानी पनि दिँदैन।"देवदासी प्रथा केवल शोषणकारी बनेको छ," उनले जोड दिएर भनिन्।बेलगामको साउनदत्ती यलम्मा मन्दिरमा हुने वार्षिक मेलामा वर्तमान तथा पूर्व देवदासीहरू भेला हुन्छन्। तर अधिकारीहरू चाहिँ त्यहाँ देवदासी बनाउने कुनै समारोह नहुने बताउँछन्।

"यसो गर्नु दण्डनीय अपराध हो। मेलाका समयमा मानिसहरूलाई सचेत गराउन हामीले पोस्टर तथा पर्चा बाँड्छौँ," विश्वास वसन्त वैद्यले भने।वैद्य कर्नाटक विधानसभाको सदस्य हुन्। उनी यलम्मा मन्दिर व्यवस्थापन समितिका पनि सदस्य हुन्। सक्रिय देवदासीहरूको स‌ङ्ख्या निकै घटिसकेको उनले बीबीसीलाई बताए। "अहिले मेरो क्षेत्रमा सायद ५० देखि ६० जना मात्र देवदासी होलान्," उनले भने। "मन्दिरमा कसैले पनि यो प्रथाको प्रवर्धन गरेका छैनन्।"

"हाम्रा कडा कदमका कारण हामीले देवदासी प्रथा बन्द गराएका छौँ," उनले भने।सन् २००८ मा कर्नाटक सरकारले गराएको पछिल्लो सर्वेक्षणमा राज्यभरि ४६,००० देवदासी रहेको देखिएको थियो। यौनकर्मबाट कमाएको पैसाको सहयोगले चन्द्रिका चरम गरिबीबाट मुक्त भइन्। आफ्ना छोरीहरूलाई सामाजिक हेलाँबाट जोगाउन उनले बोर्डिङ स्कूल पठाएकी छन्। "छोरीलाई लिएर म एकदमै चिन्तित थिएँ," चन्द्रिकाले भनिन्।"जब छोरी १६ वर्षकी भइन् मैले उनको विवाह गराइदिएँ ताकि मजस्तो देवदासी बन्नु नपरोस् भनेर। अहिले छोरी उसको पतिसँग बस्छिन्।"

चन्द्रिका एक गैरसरकारी संस्थामा काम गर्छिन् अनि नियमित एचआईभी परीक्षण गराइरहन्छिन्।"मेरो उमेर ढल्दै छ - केही वर्षपछि म यो काम गर्न सक्दिनँ," उनले भनिन्। त्यसपछि तरकारी तथा फलफूलको पसल खोल्ने उनको योजना छाशिल्पाको चाहना आफ्नी छोरीलाई उचित शिक्षादीक्षा दिलाउनु रहेको छ। देवदासी प्रथाप्रति उनी बेखुसी छिन्।"म चाहन्छु यो बन्द होस्। मेरो छोरीलाई म देवदासी कदापि बनाउँदिनँ। म यो प्रथा चलोस् भन्ने चाहन्नँ," उनले भनिन्। अङ्किता चाहिँ विवाह गर्न चाहन्छिन् र यो मोतीको माला फुकाल्न चाहन्छिन्।

# चोयाको नाङ्लो बुनेर जीविकोपार्जन



धरानाइटहरीउपमहानगरपालिका-३ सुनौलो बस्तीका बसन्त राई बाँसको चोयाबाट नाङ्लो बुनेर आत्मनिर्भर बन्नुभएको छ।

पुर्ख्यौली सीपलाई नै व्यवसायिक रूपमा अङ्गाल्दै आउनु भएका उहाँले करिब दुई दशकदेखि नाङ्लो बनाएर बिक्रीमार्फत जीविकोपार्जन गर्दै आउनुभएको बताउनुभयो। उहाँका अनुसार घरको दैनिक खर्च, छोराछोरीको पढाइ तथा गृहव्यवहारका सबै आवश्यकता यही पेशाबाट पूरा हुने गरेको सुनाउनुहुन्छ। यो हाम्रो पुर्ख्यौली पेशा हो । समय दिएर बनाउदा आम्दानी राम्रै हुन्छ, उहाँले भन्नुभयो, राईका अनुसार वर्षेनि करिब रु सात लाखदेखि आठ लाख रुपैयाँ बराबरको नाङ्लो बिक्री हुने गरेको सुनाउनुभयो।

नाङ्लो बनाउनका लागि आवश्यक बाँस तालतलैया र खोर्सानिघाट क्षेत्रबाट ल्याउने गर्नुहुन्छ। एक वटा बाँस रु २०० देखि ३०० रुपैयाँसम्म पर्ने गरेको उहाँले बताउनुभयो । एक वटा बाँसबाट १० देखि १२ वटा नाङ्लो बनाउन सकिने उहाँको भनाइ छ। उहाँले एक हप्तामा करिब १५० भन्दा बढी नाङ्लो बनाउने गरेको जानकारी दिनुभयो । हप्तामा बनाएको नाङ्लो धेरै जसो व्यापारीहरू हप्तैपिच्छे घरमा आएर लैजानुहुन्छ।

नाङ्लो इटहरी, धरान, भोजपुर, विराटनगर, पथरीलगायत क्षेत्रमा बिक्री हुने गरेको छ। एक वटा नाङ्लो रु १३० देखि रु २५० सम्ममा बिक्री हुने गरेको उहाँले बताउनुभयो । नाङ्लो बनाउन सकियो भने बजारको अभाव हुँदैन। पहिले हामी भोजपुरबाट ल्याएर बेच्थ्यौँ, अहिले यहाँ बनाएको नाङ्लो नै भोजपुरका व्यापारीले आएर लैजानुहुन्छ। दसैं, तिहार, छठलगायत प्रमुख चाडपर्व तथा पूजाआजामा नाङ्लोको प्रयोग बढी हुने हुँदा भदौ, असोज र कात्तिक महिनामा यसको बिक्री सामान्य दिनभन्दा बढी हुने गरेको उहाँको अनुभव छ।

> **नाङ्लो बुनेरै सानो घर निर्माण गर्न गरेकोछु,छोराछोरीको पढाइसमेत यसै आम्दानीले पुगेको छ ।**

सुनौलो बस्तीमा राईसहित करिब १५ घरधुरीभन्दा बढीले व्यावसायिक रूपमा नाङ्लो बुनेर जीविका चलाइरहनु भएको छ। यसले परिवारलाई घरमै बसेर काम गर्ने अवसर प्रदान गर्नुका साथै परम्परागत पेसा जोगाउन सहयोग पुगेको उहाँको भनाइ छ।

बाहिर अर्काकोमा मजदुरी गरेर कमाइभन्दा घरमै बसेर पुर्ख्यौली सीप जोगाउँदै कमाउनु फाइदाजनक छ। मेहनत भए पनि आम्दानी स्थिर हुने भएकाले पेशाप्रति सन्तुष्टि रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “नाङ्लो बुनेरै सानो घर निर्माण गर्न गरेको छु,छोराछोरीको पढाइसमेत यसै आम्दानीले पुगेको छ।

ग्राहकको मागअनुसार विभिन्न साइज र प्रकारका नाङ्लो उत्पादन गर्न सकिने राईले जानकारी दिनुभयो । बजारमा नाङ्लोको वृद्धि भए पनि मूल्य वृद्धि हुन नसकेको कारण मूल्य बढाउन आवश्यक रहेको उहाँको सुझाव छ । यो पेसालाई थप व्यवसायिक बनाउन स्थानीय सरकारले सहयोग र ध्यान दिनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।रासस

# ७० प्रतिशत धानबालीमा क्षति



खोटाङ । यही कात्तिक १५ गतेदेखि चार दिनसम्म परेको अविरल वर्षाका कारण खोटाङमा ७० प्रतिशतभन्दा बढी धानबालीमा क्षति गरेको छ । कृषि ज्ञान केन्द्र खोटाङले दिएको जानकारीअनुसार दश स्थानीय तह रहेको खोटाङमा १५ प्रतिशत थन्क्याउनका लागि काटेर ढालेको, ४५ प्रतिशत पाकेर पहैँलो भएको र दश प्रतिशत हरियो अवस्थाको धानबालीमा क्षति गरेको हो।

दश स्थानीय तह रहेको जिल्लामा यस वर्ष नौ हजार ९८८ दशमलव ०३ हेक्टर खेतमा धानबाली लगाइएको छ । जसमध्ये छ हजार ९९१ दशमलव छ हेक्टर खेतमा लगाइएको धानबालीमा अविरल वर्षाले क्षति गरेको कृषि ज्ञान केन्द्र खोटाङका प्रमुख विशाल मोदीले जानकारी दिनुभयो।

केही दिनयता अविरल वर्षा रोकिएसँगै जिल्लाका किसानहरू यसअघि वर्षाले क्षति पुऱ्याएर बाँकी रहेको धानबाली थन्क्याउने चटारोमा छन्। थन्काउने बेलामा परेको अविरल वर्षाले क्षति पुऱ्याएको धान थन्क्याउन यतिखेर किसानहरू खेत-खेतमा जुटिरहेका हुन्।

ठूलो मात्रामा धानबालीमा क्षति पुगेपछि चिन्तित बनेका किसानहरू बाँदरलगायतका वन्यजन्तुहरूबाट समेत धान जोगाउने हतारोमा छन्। देशभर परेको वर्षाका कारण दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा मात्र करिब ४१ दशमलव ६३ हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगेको छ । पन्ध्र वडा रहेको यो नगरपालिकामा तीन हजार ५०० हेक्टरमा धानखेती गरिन्छ। यसमा करिब आठ हजार ९९५ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

विशेषगरी काटेर पाँजो लगाएको धानमा ठूलो क्षति पुगेको वडा नं ११ खार्मीका युवा कृषक हेमन्त राईले जानकारी दिनुभयो। “अविरल वर्षाका कारण काटेर आलीमा राखिएको धान आलीमै उम्रिएका छन् । अविरल वर्षाले धान, कोदो, फापरलगायतका बाली तथा फलफूलमा ठूलो मात्रामा क्षति पुगेको छ”, उहाँले भन्नुभयो, “पाकेर थन्क्याउन लागिएको प्रमुख बाली धानमा वर्षाले क्षति गरेपछि भोकमरी हुने निश्चित छ। यसमा सरकारले राहतको व्यवस्था गर्नुपर्छ।”

हलेसी तुवाचुङ नगरपालिकामा पनि धान बालीमा ठूलो क्षति भएको नगरपालिकाका प्रवक्ता कमल गिरीले बताउनुभयो। जिल्लाको दोस्रो ठूलो स्थानीय तहमा पर्ने यो नगरपालिकाका १२० हेक्टरमा धानखेती गरिन्छ । यसमा ३०८ दशमलव चार मेट्रिक टन धान उत्पादन हुने गरेको छ।

जन्तेढुङ्गा गाउँपालिकामा पनि धानखेतीमा व्यापक क्षति पुऱ्याएको गाउँपालिका उपप्रमुख खेमबहादुर खड्काले जानकारी दिनुभयो। उपप्रमुख खड्काका अनुसार यो गाउँपालिकामा ४० प्रतिशत धानखेती नष्ट भएको छ। सात वडा रहेको यो गाउँपालिकामा २४० दशमलव ९६ हेक्टरमा धानखेती गरिन्छ। यसमा करिब ६१९ दशमलव २७ मेट्रिक टन उत्पादन हुने गरेको गाउँपालिकाको तथ्याङ्कमा उल्लेख छ।

बराहापोखरी गाउँपालिकामा पनि धानखेतीमा क्षति पुगेको छ । यो गाउँपालिकामा ६० प्रतिशतभन्दा बढी पुऱ्याएको गाउँपालिका प्रमुख शालिकराम बञ्जराले जानकारी दिनुभयो। यो गाउँपालिकामा ६५७ हेक्टरमा धानखेती गरिन्छ। यसमध्ये एक हजार ६८८ दशमलव ४९ मेट्रिक टन उत्पादन हुने गाउँपालिकाको तथ्याङ्कमा उल्लेख छ ।खोटेहाङ गाउँपालिकामा पनि धानखेतीमा ठूलो क्षति पुगेको गाउँपालिका प्रमुख उदिमबहादुर राई ‘मुक्ति’ले जानकारी दिनुभएको छ। यो पालिकामा एकीन विवरण नआइसके पनि करिब ४० प्रतिशत धान पानीले नष्ट गरेको छ।

गाउँपालिकामध्ये सबैभन्दा ठूलो (नौ वडा रहेको) यो गाउँपालिकामा एक हजार २०० हेक्टरमा धानखेती गरिन्छ । यो गाउँपालिकामा करिब तीन हजार ८४ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ। दिप्रुङ चुइचुम्मा गाउँपालिकामा पनि पानीले धानखेतीमा क्षति पुऱ्याएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिनुभएको छ। यो पालिकामा पनि एक हजार २०० हेक्टरमा तीन हजार ८४ मेट्रिक टन धान उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

साकेला, रावाबेँसी, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा पनि झरीले धानबालीमा व्यापक क्षति पुऱ्याएको छ। साकेला गाउँपालिकामा आठ हेक्टरमा दुई हजार ५६ मेट्रिक टन, रावाबेँसीमा ८५० हेक्टरमा दुई हजार १८४ दशमलव पाँच मेट्रिक टन, केपिलासगढीमा ७५० हेक्टरमा एक हजार ९२७ दशमलव पाँच मेट्रिक टन र ऐसेलुखर्क गाउँपालिकामा एक हजार हेक्टरमा दुई हजार ५७० मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

जिल्लाका दशवटै स्थानीय तहमा गरी करिब २६ हजार मेट्रिक टन धान उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र खोटाङले उल्लेख गरेको छ। यस वर्ष धान रोप्नका लागि समयमै वर्षा भएकाले उत्पादन वृद्धि हुने अनुमान गरिएको थियो ।रासस

# दुग्ध उत्पादनमा आकर्षित गर्न ‘नश्ल सुधार कार्यक्रम’



ढोरपाटन। बागलुङको जैमिनी नगरपालिकाले किसानलाई व्यावसायिक पशुपालनमा आकर्षित गर्नका लागि नश्ल सुधार कार्यक्रमलाई सुरु गरेको छ।

पालिकाका करिब ९० प्रतिशत किसानले गाईभैंसी पालन गर्दै आए पनि व्यावसायिक रूपमा दूध उत्पादनमा लागेका छैनन्। किसानलाई दूध उत्पादनमार्फत आयआर्जनसँग जोड्न नश्ल सुधार कार्यक्रम सुरु गरेको हो।

नगरपालिकाले नश्ल सुधार कार्यक्रम सुरु गरेपछि अहिलेसम्म ३३५ गाई र भैंसीमा निःशुल्क कृत्रिम गर्भाधान सम्पन्न भइसकेको पशु सेवा शाखा प्रमुख डा अच्युत आचार्यले जानकारी दिनुभयो। नश्ल सुधार कार्यक्रमले पशुपालक किसान उत्साहित भएको उहाँको भनाइ छ। यो कार्यक्रमले जैमिनीका गाउँ-गाउँमा दूधको उत्पादन वृद्धि हुने र आत्मनिर्भर बनाउने डा आचार्यल बताउनुभयो।

उहाँका अनुसार जैमिनीमा बर्सेनि करिब ५० लाख लिटर दूध उत्पादन हुँदै आएको छ। यसलाई बढाउने र किसानलाई आयआर्जनसँग जोड्दै जाने गरी यस वर्षदेखि नश्ल सुधार कार्यक्रम सुरु गरेको उहाँले बताउनुभयो। नगरपालिकाले नश्ल सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रु छ लाख विनियोजन गरेको छ। नगरपालिकाभर हाल १५ हजार गाई भैंसी रहेको तर सबै किसानले व्यावसायिक रूपमा दूध उत्पादन नगर्ने डा आचार्य बताउनुहुन्छ।

उहाँले भन्नुभयो, “नश्ल सुधार कार्यक्रमले पशुपालक किसानलाई जोड्ने र व्यवसायप्रति आकर्षित गर्छ, यहाँका धेरै किसानले गाईभैंसी पाल्दै आउनुभएको छ, तर नश्ल सुधारतर्फ धेरैको ध्यान गएको छैन, नश्ल सुधारपछि उत्पादन बढ्ने छ, किसानको माग अनुसार अहिले नश्ल सुधार गरिरहेका छौँ।”

स्थानीय कृषक विकास पौडेलले नगरपालिकाले सुरु गरेको नश्ल सुधारबाट आफूहरूलाई ठूलो टेवा पुगेको बताउनुभयो। पहिले एउटा कृत्रिम गर्भाधान गराउँदा रु एक हजारदेखि रु एक हजार ५०० तिर्नु परेको भन्दै अहिले नगरपालिकाले निःशुल्क सेवा दिएको उहाँको भनाइ छ। नश्ल सुधार कार्यक्रमले आफूजस्ता सयौँ किसानलाई दूध उत्पादन बढाउन सहज हुने पौडेलले बताउनुभयो।

नगरपालिकाले किसानका लागि हरेक वर्ष नयाँ कार्यक्रम ल्याउने गरेको छ। गत वर्ष ‘ किसान कल सेन्टर’ सञ्चालन गरेको थियो। जसबाट किसानका वस्तुभाउ बिरामी भए फोनबाटै समस्या नगरपालिकामा राख्न सक्थे र उपचारका लागि पशु प्राविधिक किसानका गोठमै पुग्ने गर्थे। सस वर्ष भने उत्पादनलाई बजारीकरण गर्न कृषि एम्बुलेन्स सेवा सुरु गरेको छ ।रासस

# पर्यटनमार्फत समृद्धि खोजिरहेको लोपोन्मुख आठपहरिया समुदाय

धनकुटा। धनकुटा बजारबाट करिब पाँच किलोमिटर उकालो चढेपछि पुगिन्छ, सिप्तिङ गाउँ । धनकुटा नगरपालिका-३ मा पर्ने यो स्याउले सिप्तिङ गाउँमा आठपहरिया समुदायको बाहुल्य छ।

स¥ंयाका हिसाबले सानो तर सांस्कृतिक सम्पदामा समृद्ध आठपहरिया समुदायले सञ्चालन गरेको होमस्टे अहिले स्थानीय पर्यटनको नयाँ पहिचान बनेको छ। अरुण र तमोर नदीको बीचमा पर्ने धनकुटालाई आफ्नो उद्गम थलो मान्दै आएको यो सीमान्तकृत आदिवासी जनजाति ‘आठपहरिया’ यतिबेला पर्यटनमार्फत समृद्धि खोजिरहेको छ।

स्याले सिप्तिङ गाउँ पुग्ने पर्यटकहरु पाहुना होइन परिवारका सदस्य बन्छन् । हरियाली डाँडामाथि, चिसो र निश्चल हावाको वेगसँगै सुनौला घामका किरणले यो गाउँको सुन्दरता अझ बढाउँछ । नेपालको जनगणना, २०७८ अनुसार आठपहरिया समुदायको स¥ंया पाँच हजार ८७८ जना छ। यो समुदायलाई होमस्टेमार्फत समृद्धिको यात्रामा हिँडाउने अग्रसरता भने अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र कम्युनिटी होमस्टे नेटवर्कले गरेका थिए।

साथै आतिथ्य सत्कार र क्षमता अभिवृद्धिका लागि नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी)ले संस्कृति प्रवर्द्धन गर्न धनकुटा नगरपालिकासँग सहकार्य गरेका थिए । यहाँ आउने पर्यटकको स्वागतमा होटलको औपचारिकता जस्तो नभई मौलिक संस्कृति झल्किन्छ । पाहुनालाई आमा तथा दिदीबहिनीहरुले रातो टीका, फूलको माला र मीठो मुस्कानले स्वागत गर्छन्।



स्वागतमा स्थानीय मौरीको मह मिसाइएको पानी अनिवार्य जस्तै छ । एकैछिन थमाइ मारेपछि पाहुनालाई होमस्टे र समुदायको इतिहास, संस्कार र संस्कृतिसँग साक्षात्कार गराइन्छ। आठपहरिया समुदायले कसरी आफ्नो पहिचान र परम्परा जोगाउँदै पर्यटनलाई आत्मसात गरेका छन् भन्ने जानकारी दिइन्छ । स्याउले सिप्तिङ पुग्ने अधिकांशको ध्यान सुन्तला बगैँचाले तान्छ । पाहुनाहरू बगैँचामा रमाउँदै किसानसँग संवाद गर्छन्। सुन्तलाखेती, मह उत्पादन र स्थानीय बीउ संरक्षणबारे जानकारी लिन्छन् । यहाँको होमस्टेले पाहुनालाई केबल बास मात्र होइन, जीवनशैलीको अध्ययन र अनुभव पनि दिन्छ।

गत वर्ष यस होमस्टेमा ७२ जना पर्यटकलाई स्वागत गरिएको होमस्टेका अध्यक्ष हिराबहादुर राईले बताउनुभयो । जसमा २४ जना विदेशी पाहुना थिए । यस वर्ष भने हालसम्म ८२ जना पर्यटक यहाँ आइपुगेको उहाँले बताउनुभयो । एकरातमा १७ जनासम्म पाहुनालाई बास दिनसक्ने गरी विकास गरिएको यस होमस्टेमा मनोरञ्जन, संस्कृतिको जगेर्ना र नयाँ पुस्तालाई आफ्नो संस्कृतिबारे जानकारी गराउने उद्देश्यले हरेक बेलुका स्थानीय सांस्कृतीक नृत्यहरु प्रस्तुत गरिन्छ।

यहाँको अर्को आकर्षण हो, सातताले झरना र गुफा । सामुदायिक होमस्टेबाट १५ मिनेटको सवारी यात्रा र करिब डेढ घण्टा पैदल यात्रा गरेपछि झरना देख्न पाइन्छ । झरना पुग्नुभन्दा एक किलोमिटर अगाडि नै सातताले गुफा छ । यस क्षेत्रलाई पहुँचयोग्य बनाउन एसटीएलआरपीले पदमार्ग निर्माण गरिदिएको छ।

आठपहरिया समुदाय नेपालको लोपोन्मुख जातिमा पर्छ। उनीहरुको आफ्नै भाषा, गीत, नृत्य र परम्परा छ। पछिल्लो समय आधुनिकतासँगै संस्कृति हराउने चिन्ता समुदायका हिराबहादुरलाई छ । उहाँ भन्नुहुन्छ, “हामीले त पुर्खाहरुबाट सिक्यौं । तर, नयाँ पुस्ताले आधुनिकतामा रमाएर आफ्नो संस्कृति छोड्दै जाँदा इतिहास नै मेटिन्छ कि जस्तो लाग्छ। त्यसपछि अहिले हामीले संस्कृति हस्तान्तरण र सिकाइका लागि हरेक साँझ सांस्कृतिक कार्यक्रमहरु गर्ने गरेका छौँ।”

उहाँले पर्यटनलाई संस्कृति संरक्षणको माध्यम बनाइरहेको पनि बताउनुभयो । होमस्टे यहाँ केबल व्यवसाय मात्र नभएर संस्कृति जीवित राख्ने माध्यम भएको उहाँको भनाइ छ । पाहुनाले यहाँ बास गर्दा केबल प्रकृति मात्र हेर्दैनन्, उनीहरू जीवनको एक पुरानो अध्यायसँग भेट गर्छन्, जहाँ सम्बन्ध, श्रम र माटोको गन्ध मिसिएको छ।रासस


## नेपाल रेडक्रस सोसाइटी
### रौतहट जिल्ला शाखा

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :- २०८२।०७।२३**

नेपाल रेडक्रस सोसाइटी रौटहट जिल्ला शाखा अन्तर्गत सञ्चालित Drought Response Operation 2025 कार्यक्रमवाट SUBMERSIBLE BOREHOLE निमार्ण सामग्री खरिदका लागि सिलबन्दी बोलपत्र आह्वान गरिएकोले इच्छुक ईजाजत पत्र प्राप्त फर्म/सप्लायर्सहरु वाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वक सिलबन्दी बोलपत्र पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ।

१) आवधिक नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, प्रतिलिपि संगै निवेदन सहित नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौरमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा रु २,०००। (अक्षरुपी : दुई हजार मात्र) जम्मा गरेको भौचर वा नगद दस्तुर शाखामा तिरेको रसिद (पछि फिर्ता नहुने गरि) पेश गरेपछि बोलपत्र सम्वन्धि कागजात उपलव्ध गराईनेछ।

२) उक्त बोलपत्र खरिदका लागि बोलपत्रमा उल्लेखित कारोवार गर्ने इजाजत प्राप्त फर्म/सप्लायर्सहरुले निवेदन संगै माथि उल्लेखित कागजात पेश गरेपछि मात्र बोलपत्र खरिद गर्न तथा पेश गर्न पाउनेछ।

३) एक फर्म/सप्लायर्सको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म/सप्लायर्सको नाममा दर्ता गर्न पाईने छैन।

४) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु स्पष्ट रुपमा भरि बोलपत्रदाताले प्रत्येक पानामा, कामको विवरण, प्रोप्राईटरको नाम ठेगाना फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दि (लाहा छाप लगाई) खामको बाहिर फर्म/सप्लायर्सको नाम र ठेगाना खुलाई आपुर्ति कर्ता तथा सप्लायर्सले सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समय भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ। सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्न सकिनेछ।

५) पेश भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको उपस्थितिमा बोलपत्र दर्ता मिति समाप्त भएको भोलिपल्ट (सूचना जारी भएको १६औं दिन) दिनमा ११:०० बजे यस कार्यालयमा खोलिने छ। यदि उक्त दिन सार्बजनिक बिदा वा अन्य कारणले शिलबन्दि बोलपत्र नखोलिएमा अर्को दिन खोलिनेछ। सिलबन्दी बोलपत्र खोल्दा बोलपत्र दर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६) सिलबन्दी बोलपत्रका साथमा कबोल गरेको रकमको २.५ प्रतिशतका दरले हुन आउने रकम अर्नेष्ट मनी बापत शाखाको नाममा नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौरमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा जम्मा गरेको बैक भौचर अथवा कम्तिमा ९० दिन मान्य अवधि भएको बैक जमानत पत्र अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ।

७) कुनै शर्त राखिएको, म्याद नाधि आएको वा रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

८) सिलबन्दी बोलपत्र फाराम स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखामा सुरक्षित रहनेछ।

९) सामग्रीहरु नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा गौरमा उपलव्ध गराउनु पर्नेछ।

१०) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको लाई मान्यता दिईनेछ ।

११) यस कार्यालयवाट फर्म/सप्लायसलाई भुक्तानि गरिने रकम बाटै नियमानुसारको अग्रीम कर कट्टि गरि रकम भुक्तानि गरिनेछ।

१२) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली अनुसार हुनेछ।

**विस्तृत जानकारीको लागि**

**नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा गौर, फोन नं :०५५-५२०१४१**

# पूर्वमन्त्री आलमको निधन



टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वमन्त्री मोहम्मद अफताब आलमको उपचारको क्रममा निधन भएको छ।

उनको उपचारको क्रममा काठमाण्डुस्थित केएमसी अस्पतालमा शुक्रबार राति २ बजे निधन भएको अस्पतालले जनाएको छ।

पूर्वमन्त्री आलम केही समयदेखि स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। तर चिकित्सकको प्रयासका बाबजुद पनि उनको निधन भएको परिवारजनले पुष्टि गरेको छ।

रौतहटको राजपुर नगरपालिकामा जन्मिएका मोहम्मद अफताब आलम नेपाली कांग्रेसका प्रभावशाली नेता हुन्। उनी लामो समयदेखि रौतहट जिल्लाको राजनीतिमा सशक्त प्रभाव राख्दै आएका थिए।

२०५१ सालमा पहिलोपटक प्रतिनिधि सभामा प्रतिस्पर्धा गरेका आलमले २०६४ सालको संविधानसभाको निर्वाचनमा कांग्रेसबाट रौतहट क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए। त्यसपछि २०७० र २०७४ सालको संसदीय चुनावमा पनि उनी निर्वाचित भएका थिए।

राजनीतिमा उनको छवि संगठन सुदृढ पार्न सक्ने, कार्यकर्तामैत्री र दृढ नेताका रूपमा रहेको कांग्रेसले जनाएको छ। कांग्रेस पार्टीभित्र उनी मुस्लिम समुदायका सशक्त आवाजका रूपमा परिचित थिए। आलमले वन राज्यमन्त्री र पछि श्रम तथा रोजगार मन्त्रीको रूपमा समेत जिम्मेवारी सम्हालेका थिए।

मन्त्री पदमा रहँदा उनले रोजगारी, श्रम अधिकार, र विदेशी रोजगारमा सुधारका लागि नीति निर्माणमा भूमिका खेलेका थिए।

पूर्वमन्त्री आलमको राजनीतिक जीवन विवादरहित भने रहन सकेन।

२०६४ सालको संविधानसभा निर्वाचनपछि रौतहटमा भएको ईंटाभट्टा विस्फोट घटनामा उनको नाम जोडिँदै लामो समय कानूनी विवादमा फसे।

उनी २०७६ सालमा सो मुद्दामा पक्राउ परे पनि कही महीना पहिले अदालतबाट रिहा भएका थिए। उनको परिवारले सो मुद्दालाई राजनीतिक प्रतिशोधको रूपमा लिदैं आएका छन्।

उनको निधनप्रति नेपाली कांग्रेसले गहिरो दुःख व्यक्त गर्दै तीनदिनसम्म पार्टीको झण्डा झुकाउने निर्णय गरेको छ।

# काम अलपत्र छोड्ने ठेकेदारलाई कारबाही हुने

## सडक, कल्भर्ट र विद्यालय भवन निर्माणको मात्रै होइन, गत वर्षमात्रै ५३ वटा ठेक्का लिएका निर्माण कम्पनीहरूले ६० प्रतिशतमात्रै काम सम्पन्न गरेका छन् ।

टुडे समाचारदाता

बारा । बाराको जीतपुरसिमरा, परवानीपुर, प्रसौनीहुँदै कलैया र वीरगञ्ज महानगरपालिकालाई जोड्ने वैकल्पिक राजमार्गको रूपमा रहेको 'बलुवा-बेहरा' सडकखण्डको काम ठेकेदार कम्पनीले अलपत्र छाडेपछि ठेकेदारलाई कारबाही गर्ने तयारी थालिएको छ ।

धिरज निर्माण सेवा रौतहटले गत वर्ष १ करोड ५० लाख रुपैयाँ लागतमा २ वटा कल्भर्ट निर्माणसहित सडक कालोपत्रेको ठेक्का लिएको छ। कार्तिक मसान्तभित्रै सम्पन्न गर्नुपर्ने योजनामा अहिलेसम्म पनि विकास निर्माणको काम शुरु भएको छैन ।

समयमै काम नगर्दा जीतपुरसिमरा उपमहानगर- १० का स्थानीय पानी पर्नासाथ दुधौरा खोलाको बाढी गाउँमा पसेर डुबान हुनेमा चिन्तित हुने गरेका छन् । खेतभन्दा होचो कच्ची सडक र जीर्ण कल्भर्टका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै हुने उनीहरूको भनाइ छ ।

स्थानीय शिवचन्द्र महतोले पानी पर्नासाथ घर-खेत डुबानमा पर्ने तथा बाटोघाटो हिँड्न समस्या हुने गरेको बताए ।

सो बाटो हुँदै छोटो समयमै वीरगञ्ज, कलैया, प्रसौनी पुग्न सकिन्छ । मुख्य राजमार्गमा बन्द-हड्ताल हुँदा वैकल्पिक राजमार्गका रूपमा यही बाटो प्रयोगमा आउने गर्दछ ।

जीतपुरसिमरा र परवानीपुर गाउँका स्थानीयवासीले पालिकाले लगाएको ठेक्कामा काम गर्न ढिलासुस्ती



गर्ने ठेकेदारलाई तत्काल कारबाही गर्नुपर्ने बताउने गरेका छन् ।

निर्माण कम्पनी धिरज सेवा रौतहटका प्रोप्राइटर दामोदर प्रसाद यादवले बाटो र कल्भर्ट निर्माणको काममा वडाध्यक्षले सहयोग नगरेको आरोप लगाए । जनप्रतिनिधिले साइट क्लियर गर्न ढिलासुस्ती गर्दा समयमा काम हुन नसकेको उनको भनाइ छ ।

जीतपुरसिमरा-१० मा जस्तै समस्या वडा नं ७ मा लगाएको अर्को ठेक्कामा पनि छ । १ करोड ५० लाख अनुमानित लागतको ४ कोठे विद्यालय भवन निर्माणको काम १ वर्षदेखि अलपत्र अवस्थामा छ । एनके कन्स्ट्रक्सन पर्साले ठेक्का सम्झौता गरेको सो योजना २०८१ चैतसम्म सम्पन्न गर्नुपर्ने थियो ।

तर उपमहानगरले २०८२ असारसम्म म्याद थप गर्दा पनि काम सम्पन्न हुन नसकेपछि अन्तिमपटक २०८२ कार्तिक मसान्तसम्म म्याद थप भयो। तेस्रो पटक म्याद थप गर्दा पनि ठेकेदार कम्पनीले विद्यालय भवन निर्माणको काम भने शुरु गरेको छैन ।

पटक पटक म्याद थप गर्दा पनि काम नगरेपछि ठेकेदारको बैंक ग्यारेन्टी जफत गर्ने तयारीमा उपमहानगर छ । १ हजार ४ सय विद्यार्थी संख्या रहेको फकिरा गिरी विद्यालयमा पर्याप्त कक्षा कोठा नहुँदा विद्यार्थीहरू बिहान र दिउँसो गरी दुई चरणमा अध्ययन गर्न बाध्य छन् ।

ठेकेदार कम्पनीले १० प्रतिशतभन्दा बढी रकम लिएर पेटी ठेकेदारलाई योजना बिक्री गरेको विद्यालय प्रशासनको भनाइ छ ।

सडक, कल्भर्ट र विद्यालय भवन निर्माणको मात्रै होइन, गत वर्षमात्रै ५३ वटा ठेक्का लिएका निर्माण कम्पनीहरूले ६० प्रतिशतमात्रै काम सम्पन्न गरेका छन् ।

४० प्रतिशत योजना अपलत्र छाड्ने निर्माण कम्पनीलाई उपमहानगरले कात्तिक दोस्रो सातादेखि धमाधम पत्र काटेर कारबाहीको दायरामा ल्याउन सुरु गरेको छ ।

एउटै निर्माण कम्पनीले २ देखि ४ वटासम्म ठेक्का सम्झौता गरेर १० देखि २० प्रतिशतसम्म अग्रिम रकम लिने र सो रकम अन्य कारोबारमा खर्च गर्ने प्रवृत्ति देखिएको पूर्वाधार विकास शाखा प्रमुख अभयकान्त झाले बताए । ठेक्का सम्झौता गरेर योजनाहरू ओगट्ने तर विभिन्न बहाना देखाएर समयमा काम नगर्ने प्रवृत्ति बढेको उनले बताए ।

निर्माण सम्बन्धी पछिल्लो निर्देशिकामा १ करोड रुपैयाँसम्मको योजना ६ महिनाभित्र सक्नुपर्ने व्यवस्था छ, तर उपमहानगरभित्र ३० देखि ४० लाखसम्मका योजना पनि वर्षौंदेखि अलपत्र अवस्थामा छन् ।

उपमहानगरले कात्तिक दोस्रोसाता काम सुरु नगर्ने १० वटा निर्माण कम्पनीलाई पत्राचार गरेर कारबाहीको दायरामा ल्याइसकेको छ ।

निर्माण कम्पनीले साइट क्लियर नभएको बहानामा काम ढिलो गर्ने, सम्झौता रकम लिएर अन्यत्र खर्च गर्ने गरेको झाले बताए ।

उपमहानगरमा आर्थिक वर्ष २०८०/०८१ मा ५७ वटा र २०८१/०८२ मा ५३ वटा ठेक्का लगाइएको थियो, जसमा ६० प्रतिशत काम सम्पन्न भएको जनाइएको छ ।

उपमहानगरले पछिल्लो समय एनके कन्स्ट्रक्सन पर्सा, डि एण्ड कन्स्ट्रक्सन बारा, धिरज निर्माण सेवा रौतहट, मकवानपुर कन्स्ट्रक्सन प्रा.लि., जय शम्भु भोलानाथ कन्स्ट्रक्सन हेटौंडा, जसौली निर्माण सेवा पर्सा, बजरंग कन्स्ट्रक्सन बार सहित ३ वटा योजनामा ठेक्का सम्झौता गरेको सम्राट निर्माण सेवालाई कारबाहीका लागि पत्राचार गरेको छ ।

निर्माण कम्पनीहरूले बैंक ग्यारेन्टी राखेर ५० लाखसम्मको योजनामा १० प्रतिशत र ५० लाखमाथिको योजनामा २० प्रतिशत नगद रकम पालिकाबाट पाउँछन् । उमहानगरबाट पत्र पठाएलगत्तै फकिरा गिरी विद्यालय भवन निर्माणको ठेक्का लिएको एनके कन्स्ट्रक्सनले तत्कालै काम थालिएको दावी गरेको छ ।

# नेकपा जेन-जी फ्रन्ट घोषणा

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जेन-जी फ्रन्ट घोषणा गरिएको छ ।




जनकपुरधाममा शनिबार नेपाली कम्यूनिष्ट पार्टी-जेनजेड फ्रन्ट तथा अभियान घोषणा कार्यक्रममा विद्यार्थी र युवाहरूको भेलाबाट जेन- जी फ्रन्ट घोषणा गरेका छन् ।

श्याम साहको संयोजकत्वमा घोषणा गरिएको फ्रन्टको सह-संयोजकमा मुकेश यादव स-संयोजक रहेका छन् भने सल्लाहकारमा शिवचन्द्र झालाई चयन गरिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी र शीर्षनेतृत्वलाई चेतावनीसहित सुध्रिनका लागि एवं पार्टी सुदृढीकरणका लागि आफूहरूले जेन-जेड फ्रन्ट घोषणा गरेको संयोजक श्याम साहले बताए ।

उनले जेन- जी आन्दोलनले युवा नेतृत्वको सरकार हुनु पर्नेमा अहिले पनि विगत झैँ वृद्धालाई नै प्रधानमन्त्री बनाएकोप्रति आपत्ति जनाए ।

उनले अहिले ठूला भनिएका दलका अध्यक्ष र अगुवाहरु वृद्ध भएका कारण अब पार्टी युवाहरूलाई हस्तान्तरण गर्नुपर्ने बताए । उनले अब पार्टीमा पचास प्रतिशत सहभागिताको माग गरे ।

आधिकारिक नारा राजनीतिक परिवर्तनको अर्को पाना, युवा पुस्ताको नेतृत्व समाजवादी क्रान्ति रहेको संयोजक साहले बताए ।

फ्रन्टको मूल आदर्श वैचारिक सुदृढता, समाजवादी क्रान्ति, संगठनात्मक अनुशासन र वर्गीय जनसेवा रहेको उनको भनाइ छ ।

# ब्राउनसुगरसहित दुई युवक पक्राउ

टुडे समाचारदाता

राजविराज । लागूऔषध ब्राउनसुगरसहित दुईजना युवालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीको सुरुंगा नगरपालिका वडा नम्बर ४ स्थित कनकपुर चोकबाट लागूऔषध ब्राउनसुगरसहित प्रहरीले दुई जना युवालाई पक्राउ गरिएको जनाएको छ ।

पक्राउ पर्नेमा पक्राउ पर्नेमा सुरुंगा- ४ स्थित कनकपुर टोलका २५ वर्षीय अमिर कान्त चौधरी र सोही ठाउँका २४ वर्षीय दिपक कुमार चौधरी रहेको सप्तरी प्रहरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको गस्ती टोलीले शुक्रबार कदमाहाबाट भेडिया आउँदै गर्दा उनीहरुलाई रोकेर चेकजाँच गर्दा दिपक चौधरीको हातमा रहेको कालो प्लाष्टिक चेकजाँच गर्दा तीन थान साना प्लाष्टिक बेरिएको पुरियामा ब्राउनसुगर फेला पारेको उनले बताए ।

डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिकसहित ०.२८० मिलीग्राम र प्लाष्टिक हटाउँदा ०.७० मिलीग्राम रहेको बताए ।

सोही क्रममा दुवै युवाको साथबाट १/१ थान रियल- मी स्क्रिनटच मोबाइलसमेत बरामद गरी आवश्यक अनुसन्धान भइरहेको सप्तरी प्रहरीले बताए ।

# स्काउटको निर्देशक नियुक्तिमा विवाद

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल स्काउटको कार्यकारी निर्देशक नियुक्तिमा विवाद भएको छ ।




स्काउट शुद्धीकरण अभियानले निर्देशक नियुक्ति प्रक्रिया रोक्न माग गर्दै कार्यालय परिसरमा धर्ना दिएको छ। स्काउटको निर्देशक नियुक्तिको लागि शनिवार सर्टलिस्टमा परेकाहरुलाई अन्तर्वार्ताको लागि बोलाइएको थियो । कार्यालयभित्र अन्तर्वार्ता चलिरहँदा बाहिर समितिले धर्ना दिएको हो । धर्नामा प्रहरीसँग धकलाधकेलसमेत भएको थियो । अभियानका संयोजक देवदूत अधिकारीले निर्देशक पदको लागि गरिएको विज्ञापन गलत भएको दाबी गरे । यस विषयमा राष्ट्रिय सतर्कतामासमेत उजुरी परेको छ ।

निर्वाचित भएको प्रमुख आयुक्तलाई निवर्तमान युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले निलम्बन गरेर नाइटिंगेल स्कुलमा स्काउट पढाउने शिक्षक देवराज घिमिरेलाई टीका लगाएर आयुक्त बनाएको उनको आरोप छ । अभियानले स्काउटभित्र भएका विकृति, विसंगति र भ्रष्टाचारलाई अन्त्य गर्नको छानबिन समितिले बनाएको प्रतिवेदन सार्वजनिक गरि दोषीलाई कारबाही गर्नुपर्ने माग राखेको छ ।

स्काउटका निवर्तमान प्रमुख आयुक्त महेन्द्रराज रञ्जितलाई मन्त्री चौधरीले हटाएका थिए । उक्त विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । अदालतमा उक्त मुद्दा चलिरहेको अवस्थामा निर्देशक नियुक्त गर्न नमिल्ने दाबी धर्नामा सहभागीहरुको रहेका छन् । सहसचिव स्तरको निर्देशक नियुक्तिका लागि शैक्षिक योग्यता स्नातक तह मात्र तोकेर मिलेमतो गरिएको दाबी छ ।

स्काउटले निर्देशक नियुक्तिका लागि कात्तिक १९ गते लिखित परीक्षा सञ्चालन गरेको थियो । जसमा ओखलढुंगाका अर्पण कार्की र काठमाडौंका सम्राट बराल छनोट भएको स्काउटले जनाएको छ। धर्नापछि अन्तर्वार्ता बिथोलिएको थियो । सतर्कता केन्द्रले निर्देशक पदको पदपूर्ति प्रक्रियासँग सम्बन्धित कागजात र राय माग गर्दै स्काउटलाई पत्राचार गरेको छ। शैक्षिक योग्यता नपुगेको र कार्की स्काउटकै सदस्य रहेको दाबीसहित सतर्कता केन्द्रमा उजुरी परेको छ।

# अत्याधुनिक ‘कार्निभल सिनेम्याक्स’ सञ्चालन हुने



टुडे समाचारदाता

लहान । सिरहको लहान नगरपालिका-३ स्थित हस्पिटलचोक नजिकै नौ करोड रुपैयाँ लागतमा सुविधासम्पन्न र अत्याधुनिक प्रविधियुक्त ‘कार्निभल सिनेम्याक्स’ सिनेमा हल सञ्चालनमा आएको छ ।

स्थानीय मुरारका परिवारको लगानीमा निर्माण भएको यो सिनेमा हललाई सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले उद्घाटन गरेका छन् ।

कार्निभल सिनेम्याक्सका अध्यक्ष अभिनव मुरारकाले यो सिनेमा हल पूर्वाञ्चल क्षेत्रकै पहिलो एडभान्स प्रविधिमा बनेको दाबी गर्नुभएको छ। उहाँका अनुसार, नवनिर्मित सिनेमा हलको क्षमता १३८ सिट रहेको छ ।

अध्यक्ष मुरारकाले यो हललाई मनोरञ्जनको साधन मात्र नभई पर्यटकका लागि नयाँ गन्तव्यको रूपमा प्रस्तुत गरे ।

उनले यस हलमा एडभान्स साउन्ड सिस्टम र ‘प्रोजेक्टर’ जस्ता उच्च प्रविधियुक्त सुविधा उपलब्ध छन् । दर्शकहरूका लागि टिकटको मूल्य रु ३०० देखि रु ९०० सम्म निर्धारण गरिएको छ, र मनोरञ्जनका लागि हलमा दैनिक चार ‘सो’ सञ्चालन गरिने जनाइएको छ ।

भारतीय सीमा क्षेत्र नजिक रहेकाले सीमावर्ती जिल्लाका लाखौं भारतीय नागरिकलाई पनि आकर्षित गर्ने निर्माण पक्षले अपेक्षा गरेको छ । नयाँ सिनेमा हल सञ्चालनमा आउँदा स्थानीय, उद्योगी, व्यवसायी र जनप्रतिनिधिहरू उत्साहित भएका छन् ।

लहान नगरपालिका-७ का वडाध्यक्ष राम औतार शर्माले कार्निभल सिनेम्याक्सजस्ता उद्योगमा भएको लगानीले देशलाई समृद्धिको दिशातिर अग्रसर गराउने बताउँदै नेपाललगायत भारतबाट आउने दर्शकले लहान बजारलाई चलायमान बनाउने विश्वास व्यक्त गरे ।

# तीन महिनामा दुई खर्ब १८ अर्बको सामान आयात



टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा दुई खर्ब १८ अर्ब १० करोड रुपैयाँ मूल्य पर्ने सामान आयात भएको जनाइएको छ ।

गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आयात १९ प्रतिशत वृद्धि अर्थात् रु ३४ अर्ब २३ करोड रुपैयाँ बढीका सामान आयात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयले दिएको जानकारी अनुसार गत आर्थिक वर्षको तीन महिनाको अवधिमा भने एक खर्ब ८३ अर्ब ८७ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज नाका हुँदै चालु आवको तीन महिनामा आयात ह्वात्तै बढेको जानकारी दिए ।

वीरगञ्ज नाका हुँदै तीन महिनामा ३८ अर्ब नौ करोड रुपैयाँ मूल्य पर्ने पेट्रोलियम पदार्थ आयात भएको छ । १९ अर्ब ८४ करोड रुपैयाँ मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । सोही अवधिमा १५ अर्ब ५७ करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । १४ अर्ब ८० करोड रुपैयाँ मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।

त्यस्तै १२ अर्ब ८१ करोड रुपैयाँ मूल्य पर्ने मलखाद आयात भएको छ । १२ अर्ब १६ करोड रुपैयाँ मूल्य पर्ने सबै प्रकारका कपडा आयात भएको छ। १२ अर्ब छ करोड रुपैयाँ मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयात भएका छन् । सोही अवधिमा १० अर्ब १२ करोड रुपैयाँ मूल्य पर्ने यातायातका साधन र तिनका पार्टपुर्जा आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना
म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८